सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ २० गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 03 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५५

## पर्साको लाइफलाइन तिलावे पुलको भत्किएको भागको मरम्मत भएन



तिलावे पुलको पूर्वी भागको कालोपत्र भत्किन थालेपछि ठेकेदारले ग्राभेल खसाएर छोपछाप गरेको छ । तस्वीरः प्रतीक

दिनेश मिश्र, वीरगंज, १९ माघ/

पर्सा जिल्लाको जीवनरेखा मानिने तिलावे पुल निर्माण सम्पन्न भएको एक वर्ष नपुग्दै किनारबाट भत्किन शुरू भएको छ । यसबारे पटकपटक ध्यानाकर्षण गराउँदा पनि निर्माण कम्पनीले मरम्मत गर्न चासो देखाएको छैन ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय अन्तर्गत तिलावे खोलामा पुल निर्माण गर्न पप्पु/लुम्बिनी जेभीले रु आठ करोड ७२ लाखमा ठेक्का सम्झौता गरेको थियो । गत जेठ २४ गते पुलको निर्माण कार्य सम्पन्न भएर ठेकेदारले भुक्तानी पनि लिइसकेको छ। तर एक वर्ष नबित्दै तिलावे पुलको पूर्वी भागबाट कालोपत्र भत्किन थालेको छ। भत्किएको ठाउँलाई छोपछाप गर्न ठेकेदार कम्पनीले एक टयाक्टर ग्राभेल मात्र खसालेको छ ।

तिलावे पुल निर्माण कार्य गुणस्तरीय नभएको स्थानीयको आरोप छ। पुलको साइडको तारजाली भत्किनु भनेको पुल निर्माण कार्य गुणस्तरहीन रहेको स्थानीयको तर्क छ ।

यसबारे पटकपटक समाचार प्रकाशित भएपनि ठेकेदार कम्पनी र हुलाकी राजमार्ग निर्देशनालय योजना



कार्यालय, वीरगंजले वास्ता गरेको छैन। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका इन्जिनीयर दुर्गा मण्डलको निगरानीमा बनेको तिलावे पुल मापदण्ड पूरा नगरी हतारहतारमा सम्पन्न गरेर उद्घाटन गराइएको थियो। पुलमा पानी जम्ने, ड्रेनमार्फत पानी नदीमा नजाने, एप्रोच सडक अधूरो रहेको स्थानीय जानकारहरू बताउँछन् ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका इन्जिनीयर सञ्जय ठाकुरले पुलको भत्केको भाग मरम्मतसम्भार गर्ने कार्य ठेकेदार कम्पनीको रहेको बताए । उनले भने– हामीले पटकपटक पत्राचार गर्दा पनि ठेकेदार कम्पनीले पुलको मरम्मतसम्भार गरेको छैन।

पुल निर्माण सम्पन्न भएको पाँच वर्षसम्म मरम्मतसम्भार गर्ने जिम्मेवारी ठेकेदार कम्पनीको रहेको तर वर्ष दिन नबित्दै भत्केको भागको मर्मत गरेको छैन। उनले निर्माण कम्पनीलाई भुक्तानी गर्दा कार्यालयले पाँच प्रतिशत रकम रोकेर राखेको र अटेर गरी बसेमा सोही रकमबाट हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले मरम्मत गर्ने बताए ।

## शिक्षा सुधारका लागि वीरगंजमा दबाबयात्रा

प्रस, वीरगंज, १९ माघ/

प्राज्ञिक विद्यार्थी परिषद् नेपालको




तस्वीरः प्रतीक

आयोजनामा राष्ट्रव्यापी शैक्षिक अभियान अन्तर्गत विद्यार्थीहरूको दबाबयात्रा वीरगंजमा शुरू भएको छ ।

'शिक्षा क्षेत्रको समग्र सुधार, देशको समृद्धिको आधार', 'दलीय भागबन्डा अन्त्य गरौं', 'शिक्षा क्षेत्रको सुधार गरौं', 'विश्वविद्यालय प्रशासन ध्यान देऊ', 'विद्यार्थीमैत्री सेवा देऊ', 'शिक्षामा संस्कार चाहिन्छ, रोजगारको आधार चाहिन्छ', 'विद्यार्थी परिषद्को एउटै सन्देश, राजनीतिमुक्त शैक्षिक परिवेश'लगायत नाराका साथ घण्टाघरबाट निस्किएको जुलूस नगरपरिक्रमापछि पुनः सोही ठाउँमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कार्यक्रममा वक्ताहरूले शिक्षामा वैदेशिक लगानी बन्द गर्नुपर्ने माग गरेका थिए । उनीहरूले दलीय भागबन्डा अन्त्य गर्नुपर्ने, नेपाल सुहाउँदो पाठ्यक्रम बनाउनुपर्ने, नेपाली इतिहास, महापुरुष, संस्कार, संस्कृतिका बारेमा पाठ्यक्रम तयार पार्नुपर्ने बताएका थिए ।

वक्ताहरूले शिक्षामा २० प्रतिशत बजेट विनियोजित गर्नुपर्ने, संविधानले निर्दिष्ट गरेको माध्यमिक तहको शिक्षा निश्शुल्क हुनुपर्ने, विश्वविद्यालयमा उपकुलपति नियुक्ति राजनीतिक भागबन्डामा नगरी योग्यताको आधारमा गर्नुपर्ने, नेपालमा अनुमतिविना सञ्चालनमा रहेका विदेशी विश्वविद्यालयबाट सम्बन्धप्राप्त क्याम्पसहरूको अनुगमन गरी खारेज गर्नुपर्ने, विद्यालय र विश्वविद्यालयले एकीकृत शैक्षिक पात्रो निर्माण गरी विद्यालय र विश्वविद्यालयको पात्रोमा एकरूपता कायम गर्नुपर्ने, विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था खारेज गर्दै प्राज्ञिक तथा बौद्धिकताका आधारमा कुलपति नियुक्ति गर्नुपर्ने, विश्वविद्यालयका पदाधिकारी एवं कर्मचारीको स्तरोन्नतिमा दलीय राजनीतिक प्रभाव, भागबन्डा रोक्नुपर्ने माग गरेका थिए ।

वक्ताहरूले विद्यार्थी भर्नादर, उत्तीर्ण र सिकाइको विश्लेषण गर्दै वर्तमान समयको हाम्रो पाठ्यक्रम मूल्याङ्कन पद्धति र शिक्षण विधिलाई परिमार्जन गर्नुपर्ने, सबै तहका पाठ्यक्रममा नेपाली भाषा, संस्कृति, भूगोल, इतिहास, जीवनपद्धति, मानवीय मूल्य, महापुरुषको जीवनी, नागरिक शिक्षा, अर्थतन्त्रको आधार कृषि, पर्यटन जस्ता विषयहरू समावेश गर्नुपर्ने, राज्यले विद्यालयले दिने दरबन्दी र स्रोतको विभाजन, भूगोल, विद्यार्थी सङ्ख्या र परिस्थितिका आधारमा सुनिश्चित गर्नुपर्नेलगायतका विषयमाथि धारणा राखेका थिए ।

कार्यक्रममा परिषद् मधेस प्रदेशकी अध्यक्ष सुषमा तिवारी द्विवेदी, केन्द्रीय सङ्गठन सदस्य क्षितराज न्यौपाने, केन्द्रीय सचिव घनश्याम नायकलगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरू सहभागी थिए ।

## सिम्रौनगढमा मुआवजाको माग गर्दै दबाबमूलक प्रदर्शन




तस्वीरः प्रतीक



रामेश्वर मेहता, सिम्रौनगढ, १९ माघ/

तामागढी–सिम्रौनगढ सहयोग तथा मुआवजा सङ्घर्ष समिति, बाराले शुक्रवार सिम्रौनगढ नगरपालिकामा दबाबमूलक जुलूस प्रदर्शन गरेको छ ।

सिम्रौनगढ बसपार्कबाट निस्केको जुलूसमा सहभागीहरूले 'जग्गाको मुआवजा ब्याजसहित दिनुपर्ने', 'नालायक सरकार मुर्दाबाद'लगायतका नारा लगाउँदै सिम्रौनगढ बजार परिक्रमा गरी बसपार्कमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा सङ्घर्ष समितिका सचिव रामानन्द चौधरी, ढुण्डीराज उप्रेती, महेन्द्र जयसवाल, मनेजर चौधरी, जगदेव चौधरी, रामबाबू साह तेलीलगायतले मुआवजाको माग गर्दै सरकारको आलोचना गरेका थिए । उनीहरूले माग पूरा नभए कडा आन्दोलन गर्ने चेतावनी दिए ।

सङ्घर्ष समितिका अध्यक्ष अनवर अन्सारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शङ्कर मैनालीले गरेका थिए ।

तामागढी–सिम्रौनगढ सडकखण्डमा स्थानीय डेढ हजार किसानको ७० बिघा जग्गा परेको र उनीहरूले हालसम्म पनि मुआवजा नपाएको समितिका सचिव रामानन्द चौधरीले बताए ।

## दश लाख मूल्यभन्दा बढीको अवैध ढुङ्गा वन कार्यालयद्वारा जफत



निजगढ नपा–१ सिंगौलस्थित वन क्षेत्रमा अवैधरूपमा राखिएका ढुङ्गा । तस्वीरः प्रतीक

प्रस, निजगढ, १९ पुस/

निजगढ नगरपालिका सिंगौलस्थित धन्सार खोलाबाट अवैधरूपमा चोरी, तस्करी गरी थुपारिएको ढुङ्गा जफत गरिएको छ । डिभिजन वन कार्यालय, बारा मातहतको निजगढ सबडिभिजन वन कार्यालय, भमराले वन क्षेत्रमा थुपारिएका ढुङ्गालाई जफत गरेको हो ।

सिंगौलस्थित ब्रह्मबाबा सामुदायिक वन समूहको क्षेत्रमा ७२८.६७ घनमिटर र धन्सार खोलाबगरमा एक हजार ६६२ घनमिटर नदीजन्य पदार्थ ढुङ्गा विनाइजाजत थुपारिएको पाइएकोले जफत गरिएको डिवका, बाराले जनाएको छ । कानूनी प्रक्रिया पूरा नगरी र वन कार्यालयको आदेशविना वन क्षेत्रमा अवैधरूपमा नदीजन्य पदार्थ थुपारिएकाले यस अवैध कार्यमा संलग्नहरूलाई पक्राउ गर्ने डिवका, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

थुपारिएका ढुङ्गा करीब सात सय टयाक्टरभन्दा बढी रहेकोले यसको हालको बजार मूल्य १० लाखभन्दा बढी रहेको छ। डिवका, बाराको निर्देशनमा निजगढ सबडिभिजन वन कार्यालयले निजगढ नपाको धन्सार खोला, बगर खोलाबाट अवैधरूपमा उत्खनन, सङ्कलन गरी ओसारपोसारमा संलग्न टयाक्टरहरूलाई जफत गर्ने कार्यलाई तीव्रता दिएपछि ढुङ्गा चोरी तस्करी गर्ने गिरोहले धन्सार खोलाको पूर्वी सिमानामा समेत ढुङ्गा थुपारेको पाइएकोले उक्त ढुङ्गा पनि जफत गरेको निजगढ सबडिभिजन वन कार्यालयका वन अधिकृत रघुनाथ दासले बताए ।

वन अधिकृत दास, इलाका प्रहरी कार्यालय, निजगढका प्रनि घनश्याम श्रेष्ठ, सशस्त्र प्रहरी बल नेपाल, विपद् व्यवस्थापन निजगढ बेसका सशस्त्र प्रनि त्रिलोचन पोखरेलसहितको टोलीले जफत गरेको अवैध ढुङ्गालाई निजगढ नपा वडा नं १ का अध्यक्ष मङ्गल लोप्चनको रोहबरमा कागजात तयार गरी सुरक्षाको जिम्मा लगाएको डिवका, बाराले जनाएको छ ।

निजगढ नपाले खोला ठेक्का लगाउन ढिलाइ गर्दा धन्सार, बकैया, बगर खोलालगायत अन्य खोलाबाट दैनिक १० लाख मूल्यभन्दा बढीको नदीजन्य पदार्थ चोरी तस्करी हुने गरेको छ। अवैधरूपमा जम्मा गरिएका नदीजन्य पदार्थको स्टक प्रमाणित गरी आन्तरिक राजस्वको नाममा दैनिक सात लाख रुपैयाँभन्दा बढी रकम निजगढ नपाले गैरकानूनीरूपमा असुल गरिरहेको छ ।

## राष्ट्रपति वीरगंज आउने

प्रस, परवानीपुर, १९ माघ/

राष्ट्रपति रामचन्द्र पौडेल माघ २८ गते वीरगंज आउने भएका छन्। वीरगंज महानगर–१४ पिपरास्थित वीरगंज चिनी कारखानाको मैदानमा आयोजना हुने सीताराम नाम संकीर्तन महायज्ञ–१०८ कुञ्ज एवं नौ दिवसीय विष्णु महायज्ञको उद्घाटनको लागि राष्ट्रपति वीरगंज आउन लागेको नेपाली काङ्ग्रेस, पर्साले जनाएको छ ।

राष्ट्रपति भएपछि पौडेलको यो पहिलो वीरगंज भ्रमण हो । नेका, पर्साका उपसभापति एवं महायज्ञ आयोजन मूल समारोहका संयोजक रामनारायण कुर्मीले राष्ट्रपति आउने बताए । नौ दिनसम्म सञ्चालन हुने महायज्ञमा दैनिक १० हजार श्रद्धालु भक्तजनका लागि भण्डाराको व्यवस्था गरिएको उनले बताए । महायज्ञमा १०८ कुञ्जमा १०८ वटा मण्डलीले अखण्ड पूजापाठ तथा कीर्तन गर्ने कार्यक्रम छ । जनकपुरधामका पगलाबाबाको सक्रियतामा रु एक करोड खर्च अनुमान गरिएको महायज्ञमा अयोध्याको रामलीला, अन्य खेल तमासालगायतको व्यवस्था रहेको छ ।

## विचारसार र सूक्तिहरू

**जित्नेहरूले अलग काम गर्दैनन् उसले त त्यो कामलाई भिन्दै ढङ्गले गर्छन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नदीजन्य पदार्थको अवैध उत्खनन

**पर्सा र बाराका खोलाहरूबाट नदीजन्य पदार्थको उत्खननमा समस्या देखिंदै आएको छ । स्थानीय पालिकाहरूले आआफ्नो क्षेत्रमा पर्ने खोलाहरूको वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेर सो अनुसार नदीजन्य पदार्थको उत्खननका लागि ठेक्का लगाउनुपर्ने हुन्छ । यो पालिकाको आन्तरिक आम्दानीको स्रोत पनि हो । यसबाट केही अंश प्रदेश सरकारमा जान्छ । पर्सा र बारा जिल्लामा रहेका खोलाहरूको समयमा ठेक्का नलाग्दा नदीखोलाको उत्खनन अवैधरूपमा गरिने तथा ठेक्का लागेका केही खोलाहरूबाट मापदण्ड तोकिएभन्दा बढी नदीजन्य पदार्थ उत्खनन हुने गरेको पाइएको छ । एकपटक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेका पालिकाहरूले दुई वर्षसम्म ठेक्का लगाउन पाउँछन् । प्रत्येक वर्ष नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीमा ढिला हुँदा अवैध उत्खनन हुने गरेको पाइएको छ । पर्सा जिल्लामा पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुर, छिपहरमाई, पर्सागढी र वीरगंज महानगरपालिका अन्तर्गतका विभिन्न खोलाहरूमा नदीजन्य पदार्थको उत्खननको विषयलाई लिएर विभिन्न समस्याहरू आउने गरेका छन् ।**

**महानगर र पर्सागढी नपामा भेडाहा खोला, जीराभवानी र पटेर्वासुगौली गापामा भुलवाही खोला, पटेर्वासुगौली र सखुवाप्रसौनी गापामा जमुनिया खोला, जगरनाथपुर र जीराभवानी गापामा ओरिया खोला र पर्सा राष्ट्रिय निकुञ्जमा महादेव खोला पर्छन् । यी खोलाहरूमध्ये चालू आवमा कुनै पनि खोलाको ठेक्का लाग्न सकेको छैन । पटेर्वासुगौली गापाले आफ्नोतर्फको जमुनिया खोलाको ठेक्का लगाएको थियो । तर सखुवाप्रसौनीले आफ्नोतर्फको क्षेत्रमा पनि ठेक्का लगाएको भनेर अदालतमा पुगेको र त्यहाँबाट अन्तरिम आदेश जारी भएपछि ठेक्का रोकिएको छ । ठेक्का लाग्न नसकेका खोलाहरूमा ढुङ्गा, गिट्टी र बालुवाको अवैध उत्खनन कार्य भने रोकिएका छैनन् । वन, सुरक्षाकर्मी र स्वयम् पालिकाका केही व्यक्तिहरूको मिलेमतोमा खोलाहरूको अवैध दोहन जारी छ । स्थानीय तवरमा विरोधका स्वरहरू गुन्जायमान हुँदा देखावटीका लागि ट्याक्टर, टिपर नियन्त्रणमा लिने र सामान्य जरिवाना गरेर छाडिनेबाहेक प्रभावकारी कदम नचाल्दा जरिवाना तिरेर फेरि सोही कार्यमा संलग्न हुने गरेको पाइएको छ । एउटा खोला करोडौं मूल्यमा ठेक्का लाग्ने गरेको छ । यो पालिकाको आन्तरिक आम्दानीको विशुद्ध स्रोत हो । करोडौं रकमबाट पालिकाले विकास निर्माणलगायत अन्य कार्य गर्न सक्छ । अहिले सङ्घ र प्रदेश सरकारबाट आउने अनुदान सहयोगको भरमा विकास निर्माणलगायतका कार्यहरू भइरहेका छन् । खोला साझा छ भने दुई पालिकाले आम्दानी समानरूपमा बाँडफाँड गरेर खोलाहरू ठेक्कामा लगाउँन सक्छन् । तर यस्तो प्रयास हुन सकेको छैन ।**

**अदालत पुगेर खोलाको ठेक्का प्रभावित पार्ने काममा अग्रसर पालिकाहरू आपसमा रकम बाँडफाँड गर्ने कुरामा सहमत हुन नसक्नु बुझिनसक्नु भएको छ । पालिकाहरूको यो झगडाका कारण खोलाको ठेक्का प्रभावित छ भने निकुञ्जभित्रको खोलाको पनि ठेक्का लाग्न सकेको छैन । निकुञ्जले ठेक्का बन्दोबस्त मिलाउन नसक्नुको कारण पनि बुझिनसक्नु भएको छ । निकुञ्जको सुरक्षा नेपाली सेनाले गर्छ । सेनाले सुरक्षा दिइरहेको स्थानमा रहेका खोलाहरूबाट पनि तस्करहरूले नदीजन्य पदार्थको अवैध उत्खनन गर्दै आएका छन् । यसमा सेनाको मिलेमतो भन्ने कि लापरवाही ? पर्सामा ठेक्का नलागेर खोलामा अवैध उत्खनन भइरहेको छ भने बारामा ठेक्का लागेका खोलाहरूबाट ठेकेदारले मापदण्डमा तोकिएभन्दा बढी उत्खनन गरेर समस्या निम्त्याएका** [redacted]

# जनताले खोजेको समाजवाद कता हरायो ?

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**हामी सबैले के बुझ्न जरूरी छ भने वैज्ञानिक समाजवादी व्यवस्था आफैं आउँदैन । यसको लागि हामीले वर्तमान दलाल पूँजीवादी सत्तासँग लड्नुपर्ने हुन्छ । साथै आत्मनिर्भरताको बाटोमा सानोदेखि ठूलो रोजगार सृजना गर्ने उद्योग तथा व्यवसाय सञ्चालन गर्नुपर्छ ।**

नेपाली राजनीतिमा निकै लामो समयदेखि जनताले शोषण–उत्पीडनको विरोधमा सङ्घर्ष गर्दै आएको इतिहास छ । खासगरी २००६ सालमा विधिवत्रूपमा कम्युनिस्ट पार्टीको स्थापना भइसकेपछि नेपाली राजनीति समाजवादी दिशामा अग्रसर भएको हो । यस क्रममा आजसम्म आइपुग्दा थुप्रै आरोह–अवरोह पार गरेकै हो । तर सवाल छ–के जनताले देखेको सपना नेताहरूले पूरा गरे त ? अर्थात् जनतालाई नेताहरूले हिजो जे भनेका थिए त्यो ठाउँमा पुर्‍याए ? एउटा पुरानो कथा छ भेडाको खोलभित्र ब्वाँसोको । वास्तवमा ब्वाँसो भेडाको खोलभित्र भेडाहरूकै बीच लामो समयसम्म भेडाकै मासु खाएर बाँच्दै आएको थियो । यस्तोमा आफूजस्तै अनुहार भएकोले भेडाहरूले ब्वासोमाथि कसरी शङ्का गर्ने वा चिन्ने ? स्वाभाविक रूपले उनीहरूले चिन्न सकेनन् र लामो समय ब्वाँसोको आहारा बन्नुपर्‍यो ।

आज ठीक यही अवस्थामा नेपाली राजनीति पुगेको छ । जनताले जुन विश्वासले नेताहरूलाई सत्तामा पुर्‍यायो, तिनै नेताहरूले जनतालाई भेडाको खोल ओढेका ब्वाँसो सरह गणतन्त्र वा प्रजातन्त्रको नाउँमा शोषण–दमन–विभेद–उत्पीडित गर्दै आएका छन् । यतिबेला सबैलाई धन कमाउनुपरेको छ । धन नै सबै थोक बनेको छ । धनबाहेक संसारमा अरू केही पनि चीजको महत्त्व देखिंदैन । यस कारण सबैजना धनको पछाडि भागेका देखिन्छन् । कुनै पनि संसदीय पार्टी र नेताहरूमा संस्कार, नैतिकता र इमानदारी देखिंदैन । सत्ता र भत्ताको लागि यिनीहरू जति पनि बेला जे पनि गर्न तयार देखिन्छन् । सत्ता प्राप्तिको लागि यो गर्नुहुन्न भन्ने कुनै नैतिकता अब रहेको छैन । जोसँग पनि यिनीहरू मिल्न सक्छन्, गठबन्धन गर्न सक्छन् र जनतालाई जसको हातमा पनि बिक्री गर्न सक्छन् । यिनीहरूलाई अन्तिम इच्छा एक मात्र सत्ता हो । सत्ता र भत्ताबाहेक यिनीहरूलाई केही देखिंदैन । जसले गर्दा नैतिकता नेपाली समाजमा कुनै अर्कै ग्रहको विषयजस्तो हुन पुगेको छ यतिबेला । अहिलेको राजनीतिमा कानूनको कुनै अर्थ नै देखिंदैन । पहिलेपहिले जे सुनिन्थ्यो देखिन्थ्यो र भनिन्थ्यो–ठूलालाई चैन सानालाई ऐन, त्यो अहिले पनि पूर्णत: यथाथ देखिन्छ । एनसेल कर प्रकरण, ललिता निवास प्रकरण, भूटानी शरणार्थी प्रकरण, सुन प्रकरणलगायत कुरा हेर्दा कानूनको कुनै अर्थ देखिंदैन । सत्तामा पहुँच भएपछि कानूनले केही बिगार्दो रहेन छ ।

शिक्षाको अवस्था झन् भयावह देखिन्छ । संस्थागत र सामुदायिक विद्यालयहरूमा पठनपाठन, विषयवस्तु र पाठ्यक्रम यो सबैको गठन यस प्रकारले गरिएको छ कि यसले अन्ततः हाम्रो आफ्नै भाषा, संस्कृतिलाई मार्न उद्यत देखिन्छ । मनोविज्ञान यस्तो तयार गरिएको छ कि हामीलाई लाग्दछ हाम्रो भाषा र संस्कृतिभन्दा पाश्चात्य भाषा र संस्कृति विकसित र राम्रो छ । हामी पछौटे र खराब अवस्थामा पुग्नु आफ्नै भाषा, संस्कति र संस्कारले गर्दा हो भन्ने देख्न थालिए छ, जसले गर्दा हाम्रा सन्तान नेपाली, मैथिली, भोजपुरी आदि आफ्नै भाषा बोल्दा गर्व होइन, हीनताबोध जस्तो लाग्छ । अङ्ग्रेजी भाषा बोल्दा कताकता गौरव र महानताको अनुभूति गर्न थाल्ने भएछौं । यो हाम्रो शिक्षाको सबैभन्दा दुर्दान्त अवस्था हो ।

स्वास्थ्यको त झन् के कुरा गर्नु ? चिकित्सकहरू कुनै बेला भगवान् भनिएका थिए तर यति बेला पैसा कमाउने परजीवी जस्तै बिरामीहरूसँग प्रस्तुत हुने गरेको चर्चा सर्वत्र सुनिन्छ । अस्पताल ठगेर सम्पत्ति कमाउने व्यापारिक स्थल बनेको छ । यस्तोमा स्वास्थ्य अवस्था जति खराब भएपनि बिरामीहरू हतपति अस्पताल जान चाहँदैनन् । पैसा हुनेहरूलाई लुटिन्छ भने नहुनेको उपचार नै हुँदैन । यस किसिमको मनोविज्ञानबाट स्वास्थ्य सेवा चल्दैछ । देशभित्र रोजगारको कुनै अवस्था नभएको हुनाले युवा जनशक्ति तथा दक्ष जनशक्ति सबै देशबाट बाहिरिन बाध्य छन् । यस्तोमा नागरिकमा राष्ट्रियता कमजोर हुनु स्वाभाविक देखिन्छ ।

मानिसको पारिवारिक सम्बन्ध पनि बिग्रँदै गइरहेको छ । पैसा छ तर आर्थिक मन्दीले हाल बेहाल छ । जसले गर्दा बैंकको ऋण, पारिवारिक खर्च व्यवस्थापन आदिको दबाबमा निकै सामाजिक समस्या उत्पन्न भइरहेको छ । हालसालै वीरगंजमा एकजना व्यापारीले पाँच तल्लाबाट हाम फालेर गरेको आत्महत्या यसैको नतीजा हो । जोसँग पैसा छैन उसको जिन्दगीको झन् के कुरा ? मानिस भएर पनि मानिसजस्तो बाँच्न पाएका छैनन् । उनीहरूको जीवन र पशुहरूको जीवनमा खासै भिन्नता देखिंदैन । न जाडोमा एक जोर न्यानो लुगा लगाउन पाएका छन्, न पेटभरि खान नै पाएका छन् । आम नागरिकको जीवन सम्पूर्णरूपले अन्धकारमय छ । समाजभित्र नैतिकता भन्ने कुनै चीज देखिंदैन । राजनीतिक पार्टीहरू र नेताहरूको अनैतिकताको के कुरा गर्नु यहाँ त तथाकथित प्रजातन्त्रवादी र गणतन्त्रवादी दुवैको चरित्र र चिन्तन उस्तै देखिन्छ–जसरी पनि देश लुट्ने जनता भुट्ने । आफूलाई मार्क्सवादी र लेनिनवादी भन्नेहरूको केवल पद र पैसामा आसक्ति देखिन्छ । जे भनेर वा जे सपना देखाएर भोट पाइन्छ, त्यही कुरा भन्न र सपना बाँड्न समाजवादी भनिने नेताहरू व्यस्त देखिन्छन् । कुनै बेला आफूलाई मूलधारका प्रजातन्त्रवादी वा गणतन्त्रवादी घोषित गरेकाहरू यति बेला अस्तित्वको सङ्कटमा बाँच्नुपरिरहेको अवस्था जगजाहेर छ । राजनीतिमा अस्तित्व रक्षाको लागि यिनीहरू गठबन्धन बनाएर हिंडिरहेका छन् जुन गठबन्धन पूर्णरूपले अनैतिक र अप्राकृतिक हुने गरेको छ । जबकि मार्क्सवादीहरूले सबै पक्षलाई आलोचनात्मक ढङ्गले हेर्न सक्नुपर्दछ । आफूले गरेको काम कति सही र कति गलत, समीक्षा गरिरहनुपर्छ । वास्तवमा कुनै दलको नाउँ मार्क्सवादी–लेनिनवादी हुँदैमा त्यो दल मार्क्सवादी हुन्छ भन्ने होइन । मार्क्सवादी विचारलाई त्यो दलले गहिरिएर अध्ययन गरेको छ कि छैन ? यो कुरा हेर्न जरूरी छ । यसका साथै उक्त दलले गहिरिएर अध्ययन मात्रै गर्छ कि त्यसलाई व्यवहारमा पनि लागू गर्छ, त्यो पनि हेर्न जरूरी छ । मार्क्सवादीहरूले मार्क्सवादको मूलभूत सिद्धान्त थाहा पाउनुपर्छ । मार्क्सवादी सिद्धान्त जनतामाझ पुर्‍याउनुपर्छ । दलको पथप्रदर्शक मार्क्सवादी लेनिनवादी राखेर जनतालाई सुसूचित पारिएन भने त्यो देखाउने दाँत मात्र हुन्छ । दलको मार्ग निर्देशक सिद्धान्तबारे जनतालाई सुसूचित पारिंदैन भने त्यो दलले मार्क्सवादी सिद्धान्त पालना गर्ला र आमूल परिवर्तनको निम्ति बाटो कोर्ला भनी कसरी विश्वास गर्ने ? क्रान्तिलाई 'जनयुद्ध' को अवस्थाबाट अगाडि लैजान नसकेपछि नेकपा माओवादी केन्द्रले क्रान्तिकारी बाटो त्यागेकै हो । माओवादी केन्द्रले क्रान्ति विसर्जन गरेकै हो । त्यसैले झापा आन्दोलन छोड्ने चाहे माले (एमाले) र माओवादी दुवै वास्तवमा मार्क्सवादी होइनन् । कम्युनिस्ट भनिने दलहरू सामेल भएको सरकारले एमसिसी जस्तो राष्ट्रघाती सम्झौता गर्दा संसद्मा कसैले विरोध नगर्नु संसद्वादी दलहरू दलाल पूँजीवादी व्यवस्थाको दलाल भइसकेको जगजाहेर नै छ ।

हरेक राजनीतिक दलले वर्ग–शत्रु र वर्ग–मित्र चिन्नुपर्छ । वर्गशत्रु र वर्गमित्र चिनेर राजनीति गर्नुपर्छ । वर्गशत्रुलाई वर्गमित्र र वर्गमित्रलाई वर्गशत्रु सम्झेर देशको राजनीति सही ढङ्गले अघि बढ्न सक्दैन । हामीमा वर्गविरोधी भावना हुनुपर्छ । सबैले सबैलाई मिलाएर लान सकिंदैन । सबैसँग सहकार्य गरेर देशमा परिवर्तन सम्भव छैन, शोषणरहित समाज स्थापना हुँदैन । कसैलाई हिलो छ्याप्दैमा आफ्नो बाटो सही र आफू मार्क्सवादी होइन्छ भन्ने कुरा पनि होइन । लामो समय राजनीति गर्दैमा, एक दुईवटा मार्क्सवादी ग्रन्थ अध्ययन गर्दैमा पनि कुनै व्यक्ति मार्क्सवादी हुने होइन । सङ्घर्ष नगरी व्यवस्था बदल्न निकै कठिन हुन्छ । राणा शासन अन्त्य गर्न सङ्घर्ष भएकै हो । सङ्घर्षमा रगतको खोलो बगेकै हो । पञ्चायती व्यवस्था अन्त्य गर्न पनि नेपाली जनताले रगतको खोलो बगाएको थियो । यो पूँजीवादी व्यवस्था बदल्न पनि सङ्घर्षको विकल्प छैन ।

सबैले यति बेला बुझ्नुपर्ने कुरा के हो भने पूँजीवादी बन्दोबस्तको निर्वाचनबाट कुनै पनि दलले दुईतिहाई बहुमत प्राप्त गरे पनि व्यवस्था बदल्न सक्दैन । सरकारले केही सुधार गर्ला, तर सङ्घर्ष नगरी पूँजीवादी व्यवस्था बदलिन सक्दैन । राजनीतिक युद्धमा विजय या पराजयको निर्णय जनताले गर्छ, एकदुईवटा नयाँ हतियारले होइन । पूँजीवादी सत्तामा कुनै कथित कम्युनिस्ट पार्टी नै गए पनि बहुमत जनताको पक्षमा ऐन कानून बनाउन सक्दैन, बनाउन दिइँदैन । राजनीतिकरूपले एकगठ भएर उठेको जनताले मात्र विजय पाउँछ । त्यसकारण जनताको समस्या अघि सारेर जनतालाई सचेत पार्नुपर्छ । यो काम संसद्भित्र छिरेको कुनै पनि कम्युनिस्ट पार्टीले अहिलेसम्म नगर्नु भनेकै उनीहरू सबै दलाल हुन् भनी प्रमाणित हुनु हो ।

अझैसम्म कथित कम्युनिस्ट भनिने पार्टीहरूले अब फेरि जनतालाई सङ्गठित गर्लान् र समाजवादको लागि आत्मनिर्भरताको बाटो तयार पार्लान् भन्ने कुरा हास्यास्पद हो र यो कुरा कसैले नगरे–नसोचे राम्रो । सत्य यही हो । २०४६ सालदेखि माले हुँदै एमालेमा रूपान्तरण भएर आखिर देशलाई गरीबी, भ्रष्टाचार र महँगी, बेरोजगारीबाहेक झलनाथ खनाल, माधवकुमार नेपाल, खड्गप्रसाद ओलीलगायत पटकपटक प्रधानमन्त्री हुँदा पनि के दिए ? यतिबेला संसद्मा भएका सबै पार्टीले आफू वा आफ्नो गठबन्धनले सरकार बनाएपछि देशको विकास गर्ने सबै समस्याको सम्बोधन गर्नेबाहेक अरू के नै भन्न र गर्न जानेका छन् ? जसरी पञ्चहरू पञ्चायती व्यवस्था टिकाउन लागिपरेका थिए, त्यसैगरी यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र जो पूर्णतः दलाल पूँजीवादी व्यवस्था हो । यसलाई जोगाइराख्न संसदभित्रकै दलहरू राज्यको सम्पूर्ण शक्ति लगाएर हिंडिरहेका छन् । पञ्चहरूले जसरी देशमा ब्रह्मलुट मचाएका थिए, आजका नेताहरूले पनि त्यसरी नै लुट मचाएका छन् । यसको मतलब यी नेताहरूभन्दा पञ्चहरू राम्रा भन्ने कदापि होइन । सङ्घीय लोकतान्त्रिक गणतन्त्रभन्दा राजतन्त्र कदापि राम्रो होइन । बहुसङ्ख्यक नेपाली जनताले आजसम्मको सबै आन्दोलनमा खोजेको/चाहेको समाजवाद हो । यतिबेला सबै पार्टीसँग त्यसका इमानदार कार्यकर्ताहरूले सोध्नुपर्दछ – बहुसङ्ख्यक नेपाली जनताले खोजेको समाजवाद कता हरायो ? त्यसैले अबको विकल्प भनेको वैज्ञानिक समाजवादी व्यवस्था हो । यहाँनिर हामी सबैले के बुझ्न जरूरी छ भने वैज्ञानिक समाजवादी व्यवस्था आफैं आउँदैन । यसको लागि हामीले वर्तमान दलाल पूँजीवादी सत्तासँग लड्नुपर्ने हुन्छ । साथै आत्मनिर्भरताको बाटोमा सानोदेखि ठूलो रोजगार सृजना गर्ने उद्योग तथा व्यवसाय सञ्चालन गर्नुपर्छ । अनिमात्रै वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको यात्रामा अगाडि बढ्न सकिन्छ । यो दलाल पूँजीवादी व्यवस्थाले नै देश विकास गर्छ भन्नु पूर्णतया राजनीतिक बेइमानी हो । अब राजनीतिक आन्दोलन सकियो भन्नु बेइमानी कुरा हो । बरु वास्तवमा आजको सत्य यही हो कि दलाल पूँजीवादी व्यवस्था नबदलेसम्म जनताको हित गर्ने वैज्ञानिक समाजवादी आउने छैन ।

# हल्का वर्षाको सम्भावना

काठमाडौं, १९ माघ/रासस

हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । उक्त मौसमी प्रणाली कमजोर रहेकोले अबको दुई दिन मौसम सामान्यतया सफा रहनेछ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार आज र शनिवार मौसममा सुधार रहे पनि आइतवारदेखि देशको पश्चिमी भेगबाट पश्चिमी वायुको सक्रियता बढ्ने भएकोले केही दिन मौसममा गडबडी हुनेछ ।

बिहीवार पश्चिमी वायुसँगै आएको पश्चिमी न्यून चापीय प्रणालीका कारण देशका अधिकांश स्थानमा बदली हुनाका साथै उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपात भएको छ । यस्तै, सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका केही भूभागमा तथा बागमती र कोशी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा फाटफुटदेखि हल्का वर्षा भएको थियो ।

महाशाखाको पछिल्लो विवरणमा काठमाडौंमा ०.५ मिलिमिटर वर्षा मापन गरिएको छ । त्यसैगरी, डढेलधुरामा १४.८, दिपायलमा १२ तथा जुम्लामा २.६ मिलिमिटर वर्षा भएको छ । काठमाडौंको आजको न्यूनतम तापक्रम ४.८ डिग्री सेल्सियस रहेको छ भने अधिकतम तापक्रम १७.८ डिग्री सेल्सियस रहेको छ ।

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागको मौसम सफा रहेको छ ।

तराईका थोरै स्थानमा हुस्सु लागेको छ । दिउँसो कोशी प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा मौसम सफा रहनेछ । कोशी र गण्डकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा फाटफुटदेखि हल्का वर्षाको सम्भावना छ । कोशी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थान तथा बाँकी उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हल्का हिमपातको सम्भावना छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# तेत्तीस कोटि भगवान कहाँ होलान् ?

स्वान्त सुखायः



सञ्जय मित्र
mitrasanjay41@gmail.com

हिन्दू धर्म वा सनातन धर्ममा तेत्तीस कोटि भगवानको प्रसङ्ग आउने गर्दछ । भगवानको सङ्ख्या हो कि प्रकार ? यसबारे पनि मतभिन्नता पाइन्छ ।

कोटिको अर्थ प्रकार पनि हो। कोटि वा समूह पनि हुन सक्छ। यसरी एउटा मत यो रहेको छ कि तेत्तीस कोटिको अर्थ तेत्तीस प्रकारका देवदेवी छन्। सबै हिन्दू देवदेवीलाई तेत्तीस समूहमा विभाजन गरिएको छ भन्नु हो ।

अर्को मत छ कोटिको अर्थ करोड हो। यसबाट देवदेवीको सङ्ख्या तेत्तीस करोड रहेको छ। तेत्तीस करोड सङ्ख्या निकै धेरै हो। यत्तिका देवदेवीको पूजा कसरी सम्भव हुन्छ ? तेत्तीस करोड देवदेवीको नाम पनि सम्झना होला मानिसलाई ? कुनै पनि ग्रन्थमा एक ठाउँमा यी सबै देवदेवीको नाम लेखिएको नहोला । यसरी कतिपयले अविश्वास गर्ने गरेको पाइन्छ ।





अरू विभिन्न धर्ममा केवल एक देवता वा भगवानको पूजा हुन्छ। ईश्वर एक हुन्छन् भनिएको पाइन्छ। हिन्दू धर्मका केही ग्रन्थहरूले पनि ईश्वर एक भएको बताउँछन् । ईश्वर एक हुनु र अनेक हुनुमा पाइने भिन्नताबारे विद्वान्हरूबीच फरक मत पाइन्छ ।

मानिसको एउटा जीवनलाई एक छिनको लागि उदाहरणको रूपमा हेरौं। एउटा मानिसमा मन एक हुन्छ कि अनेक ? मानिस अरूले भनेको मान्छ कि आफूले भने वा आफ्नो मनले ? कुन ठूलो हो– आफ्नो मन कि अरूको सल्लाह ? मानिस जतिसुकै अर्काको अधीन रहे पनि दासबाहेक अन्यले अरूले भनेको मान्दा कि त डिउटी पूरा गरिरहेको हुन्छ वा आफ्नो विवेक पुऱ्याएर काम गरिरहेको हुन्छ ।

भनिन्छ, मानिसको मन चञ्चल हुन्छ। मन चञ्चल भएको कारण उसको मनमा अनेक विचार लगातार आइरहन सक्छ । विचारहरू खेलिरहन सक्छन् । विचारको आरोह–अवरोह भइरहन सक्छ। मनमा विचारको छाया–प्रतिच्छाया देखिइरहन सक्छ। कुनै एक विषयमा निर्णय गर्न वा निर्णयपछि त्यसलाई लागू गर्न अनेक तर्कनाहरू आइरहन्छन्। अनि यो पनि भन्ने गरिन्छ कि मस्तिष्क र हृदयमा फरक छ। मनको सम्बन्ध हृदय र मस्तिष्कसित रहेको हुन्छ। यदि मानिस गलत गरिरहेको छ भने उसको हृदयले उसलाई राक्छ तर मन भने मान्दैन । भनिन्छ, मानिसको हृदय कहिल्यै पनि अपवित्र हुँदैन, मानिसको हृदयले कहिल्यै झूटो बोल्दैन जबकि उसको मनले वा दिमागले उसलाई झूट बोल्न प्रेरित गरिरहेको हुन्छ ।

गाउँघरमा कुनै चिकित्सकनेर काम गर्ने सिकारूले सबै रोगको उपचार गर्छन्। औषधि पसलेले सबै रोगको औषधि दिइहाल्छन् । सामान्य कोही सिएमए वा एचए गरेकाले पनि सबै रोगको उपचार गर्ने गरेको देखिन्छ। एमबिबिएस पढेकाले पनि सबै रोगको उपचार गरेको पाइन्छ। के सबै एकै किसिमका हुन्छन् त ? सबैको योग्यता समान हुन्छ त ? आखिरमा दिने औषधि नै हो भनेर मान्न सकिन्छ त ? लक्षणको आधारमा उपचार गर्दा लक्षणलाई समाधान गरिन्छ भने किन त्यस प्रकारको लक्षण देखियो भन्ने उपचार पनि हुन्छ। अनि एमडि, डिएम र पिएचडि पनि त हुन्छ चिकित्सा क्षेत्रमैं। सुपर स्पेसिलिटी हुने गरेको पनि सुन्दछौं नि, होइन र ?

अर्को उदाहरण पनि दिन सकिन्छ। जस्तो कि नर्सरी वा प्राथमिक तहमा पढ्ने विद्यार्थीले सबै विषय वा क्षेत्रको ज्ञान लिनुपर्छ । यसैगरी नर्सरी वा प्राथमिक तहमा पढाउने शिक्षकले भने सबै विषय र क्षेत्रबारे विद्यार्थीलाई जानकारी दिनुपर्छ तर माध्यमिक तहमा विषय शिक्षक नै फरक हुन्छन् । यदि स्नातकमा जाने हो भने कमन विषय निकै कम हुन्छ । स्नातकमा त शायदै कुनै विश्वविद्यालयले आफ्नो सबै फ्याकल्टीमा कुनै विषयलाई समानरूपमा एक किसिमले लागू गर्दछ । अझ स्नातकोत्तरमा त बाहिरबाट हेर्दा कुनै एक विषयमात्र देखिन्छ। एक विषयमा नै अनेक विषय हुन्छन्। अझ त्यसभित्र पनि विद्यार्थीले छनोट गरेर कुनै एक विषय लिन पाउने विकल्पहरू हुन्छन् । अर्थात्, प्राथमिक तहमा सबै विषय पढ्ने विद्यार्थीले स्नातकोत्तर तहमा कुनै एक फ्याकेल्टीको कुनै एक विषयभित्रको पनि धेरै विषयमध्ये चयन गर्नुपर्ने हुन्छ अर्थात् सबै विषय पढ्न पाउँदैनन्, सक्दैनन् । तापनि स्नातकको कोर्ष चाहिं एक हजार पूर्णांकको हुन्छ। यदि विद्यावारिधिलाई विचार गर्ने हो भने कुनै एक विषय होइन, शीर्षकमा उसले केही वर्ष अध्ययन वा अनुसन्धान वा दुवै गर्नुपर्ने हुन्छ। अध्ययन वा अनुसन्धान गरेर कुनै एक शीर्षकमा शिक्षार्थीले आफूलाई पोख्त बनाउँछन् वा बनाउन सक्छन्। यदि विश्वविद्यालयमा औपचारिक शिक्षाको सर्वोच्च डिग्रीलाई विचार गर्ने हो भने त्यसलाई डिलिट भन्ने गरिन्छ। यो पिएचडिभन्दा माथिल्लो डिग्री हो। यदि कसैले डिलिट उपाधि हासिल गरेका हुन्छन् भने कुनै एक शीर्षकभित्रको मसिनो एकाइमा नै अति उच्च विशिष्टता हासिल गरेका हुन्छन्। यो सर्वोच्च स्थानलाई सबैले हेर्न, बुझ्न वा महसूस पनि गर्न सक्दैनन्। यदि कुनै डिलिटसित विमर्श गर्ने हो भने तिनले अझै पढ्न वा गर्न धेरै बाँकी रहेछ भन्छन्। यस कुरालाई साधारण पढेको वा लेखपढ गर्न जान्ने मानिसको अगाडि भन्ने हो भने डिलिटको पढाइबारे केही बताउने वा बुझ्ने होइन, उत्तरको लायक प्रश्न गर्ने क्षमता पनि हुँदैन, मान्न सकिन्छ। धर्म र देउताबारे पनि यही कुरा लागू हुन सक्छ ।

एउटा प्रश्न गर्न सकिन्छ : यदि कोही साधारण मानिसले डिलिटको थेसिस पढ्छ र भन्छ मैले सबै बुझिसकेको छु वा मैले केही पनि बुझिनँ। त्यसमा केही पनि छैन। यस कार्यलाई पढेको, बुझेको वा सही उत्तर दिएको मान्न सकिन्छ ?

हिन्दू देवीदेवताको सङ्ख्या, प्रकार वा कोटिको विषयमा पनि यही लागू हुन्छ। अरूहरू जो साधारण पढेलेखेका छन्, तिनले सबै उपचार गर्न सक्छन् । सबै कुराको आफैं ज्ञाता बुझ्छन् तर जो निकै धेरै पढेका छन्, तिनलाई आफ्नो पढाइबाहेक मुश्किलले विद्वताको सन्दर्भमा अन्य कुराको जानकारी छ भनी दाबी गर्छन्। उनीहरू आफूलाई फलानो विषय मात्र जानकारी छ भन्छन् ।

अनि कतिपयले बलका देवता फलाना, धनकी देवी वा देवता फलाना, अन्नकी देवी, विद्याकी देवी, कुलका देवता वा देवी आदिबारे केवल प्रश्न गर्न सक्दछन् तर यसबारे सुपर स्पेसियालिटीयुक्त उत्तर बुझ्न वा खोज्न सक्दैनन्। एउटा सामान्य उत्तर यो पनि छ कि हरेक प्राणीमा ईश्वरको वास छ । प्राण नै पनि ईश्वर हो भन्नेहरू पनि छन्। प्राणसँगै ईश्वरको मृत्यु हुने होइन। यिनै शास्त्रहरूले भनेका छन् – आत्मा त अमर छ । आत्माको कहिल्यै नाश हुँदैन। अनि प्राण र आत्मा समान हुन् । दुई नाम हुन् भनिएको पाइन्छ । आत्मा मर्दैन र शरीरबाट प्राण निस्कन्छ भनिन्छ। यसको अर्थ हो हरेक जीवनमा ईश्वर छ भन्नु पनि ईश्वरको व्यापकता नै हो । अनि कुन रूपमा देवता वा देवीलाई मान्ने हो, वैयक्तिक स्वतन्त्रता हो । यस अर्थमा हिन्दू धर्म निकै विशाल छ, निकै स्वतन्त्र छ । स्वतन्त्रता, व्यापकता तथा यसको हुने साधारण बोधदेखि सुपर स्पेसियालिटीभन्दा पनि माथिको डिग्रीसम्मको बोध सनातन धर्म हो। कसले कति बझ्दछ, उसको बुझाइ हो। बुझाइको साँघुरोपन साँघुरोमा बस्नेलाई थाहा हुँदैन। विशालताले नै विशालता र साँघुरोपन दुवैलाई देख्ने हो । अस्तु !

## मुक्तक

- बैधनाथ श्रमजीवी

अन्धभक्त बनेपछि विज्ञानको ज्ञान सुक्छ
काल्पनिक ईश्वरमा रमाएपछि तर्क लुक्छ
धार्मिक श्रेष्ठताको युद्धमा मरेको मानवता
तथ्यभन्दा अन्धविश्वासको अगाडि झुक्छ।

अन्धविश्वासले हाम्रो समाज घेरिएको छ
रूढिवादी संस्कृति संस्कारले बेरिएको छ
एक्काइसौं शताब्दीमा विज्ञानभन्दा पनि
सृष्टिको उत्पत्ति चमत्कारले हेरिएको छ।

– प्रगतिनगर, वीरगंज

# एकादेशको कथा : ट्रङ्कलाइन र डेडिकेटेड विवाद

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

*गताङ्कको बाँकी ...*

अन्ततः किरिया नखाने कुरामा सबैजना एकमत भए । सञ्चारमाध्यमहरूमा समाचार आउन्जेल डेडिकेटेट फिडर र ट्रङ्कलाइन विवादको विषयमा चुप बस्ने उनीहरूबीच सहमति भयो । अनि यो प्रकरण ओझेल पार्न अन्य विषय उचाल्ने कुरामा एकमत भए। राजनीतिक सिद्धान्त फरकफरक भए तापनि लाभजन्य कार्यमा हैसियत र प्रभुत्व अनुसार लिने–खाने सहमति भयो । यो सहमति उनीहरूका लागि विजयोत्सवभन्दा कम थिएन। हाँसोजन्य ठहाकाले मन्दिरको प्राण्ंण गुन्जायमान भयो ।

उनीहरूले शिवलिङ्गमा जल अर्पण गरे। एकले अर्कालाई टीका र फूलको माला लगाइ खुशी व्यक्त गरे। अङ्कमाल गरे। अर्बौंको प्रकरणमा करोडौं आउने सपना देख्न थाले । कसैले छोरालाई अमेरिका पठाउने त कोही छोरीलाई चिकित्सक पढाउने त कोही शहरमा जग्गा त कोही घर बनाउने योजना बनाउन थाले । भाँतीभाँतीका मानसिकतामा थरीथरीका सपना अङ्कुरित हुन थाले।





खुशी साटासाट गरिरहेको बेला भारी शरीरधारी एकजना नेताको जीउ अनियन्त्रित भयो। खुट्टा चिप्लियो। अर्का एकजनाको खुट्टामा ठोक्कियो। भुइँचालो आएझैं एकअर्कासँग ठोक्किँदै चार/पाँचजना भुइँमा लडे। कसैको खुट्टामा, कसैको शिरमा त कसैको पिठ्यूँमा चोट लाग्यो। माहोल शान्त र सन्नाटा छायो । एकाधजनाले सहानुभूति व्यक्त गर्दै अनिष्टको सङ्केतको रूपमा आकलन गरे। शान्त मुद्रामा मन्दिरभित्रबाट पाइला उचालेर चौकठ पारी नटेक्दै प्राङ्गणमा दृष्टि गयो, जहाँ असङ्ख्य सर्प थिए । केही घस्रिरहेका, केही श्वास तानिरहेका त केही कुण्डली मारेर मन्दिरतर्फ नियालिरहेका थिए। अघि सरेको पाइला तीव्र गतिमा पछि हट्यो । मन्दिरभित्र ठेलमठेल भयो ।

सर्पमा उनीहरूले यमराजको स्वरूप अनुभूत गरिरहेका थिए। भयले उनीहरू निश्वर भए। एकअर्काको पछाडि लुक्न थाले । सबैलाई आआफ्नै ज्यान प्यारो थियो । अहिले भगवान्बाहेक उनीहरूको मस्तिष्कमा अन्य कुनै प्रकारको विचार आइरहेको थिएन । अघिदेखि स्टन्टको रूपमा भइरहेको पूजा अहिले चरम भक्तिभावमा सराबोर थियो। उनीहरूले जीवनरक्षाको कामना गर्दै, "तुम्ही हो माता, तुम्ही पिता हो ..." स्तुति गर्दै भगवान्लाई स्मरण गर्न थाले ।

सोही बेला ठूलो स्वरमा शब्दनाद भयो– "हे भक्त ! आत्तिनुपर्दैन। निस्कलङ्क व्यक्तिलाई सर्पहरूले केही गर्दैनन्। यद्यपि आचरण पापकर्ममा लिप्त छ भने सर्पहरूको कोपबाट बच्न असम्भव छ।" आकाशवाणीले उनीहरूको अवस्था निल्नु न ओकल्नु भयो । अवस्था यस्तो भयो कि आफूलाई सर्वेसर्वा ठान्ने उनीहरूले ओहोदामा बसेर गरेका सत्कर्म र अधर्मबारे सोचमग्न भए । मगज जति खियाए पनि अधर्मको चाङले आकाश छोइरहेको थियो । यस्तो लाग्थ्यो कि एकले अर्कोसँग इशारामा सत्कर्मको सञ्चय र बच्ने सम्भावनाबारे सोधिरहेका छन् । दायाँ–बायाँ शिर हल्लाउनुबाहेक कसैसँग सुखद प्रतिउत्तर थिएन ।

त्यसै बेला घोर अँध्यारो छायो । चट्याङझैं आकाशमा गड्गडाहट हुन थाल्यो । केहीबेरपछि जब उनीहरूको आँखा खुले, तब आश्चर्यचकित भए । अहिले उनीहरू कैलाशनाथ महादेव, साँगाको प्राङ्गणमा थिए। त्यहाँ उनीहरूले दर्जनौं उद्योगपति ध्यानमग्न त्रिकालदर्शीको स्तुति गान गरिरहेका देखे।

**कथा नं ५**

त्रिकालदर्शीले भन्नुभयो, "के हो यो ? एकले अर्कोमाथि दोषारोपण गरिरहेका छन् । विभिन्न शिवालयहरूमा भक्तजनहरूले आआफ्नै दुःखेसो पोखिरहेका छन्। आखिर चुरो कुरो के हो ?" आँखा बन्द गरी शान्त मुद्रामा ध्यानमग्न त्रिकालदर्शीले नारदमुनिलाई आह्वान गर्नुभयो । तत्क्षण नारदमुनि प्रकट भए । त्रिकालदर्शीले डेडिकेटेड फिडर र ट्रङ्कलाइनको विवादसम्बन्धी विवरण पेश गर्ने आदेश दिनुभयो ।

नारदमुनिले (१) विगतमा डेडिकेटेड तथा ट्रङ्कलाइनमार्फत विद्युत् आपूर्ति लिई सोबापतको विद्युत् महसूल भुक्तानी गर्न बाँकी भएको (२) उपभोक्ताहरूलाई विद्युत् वितरण विनियमावली, २०७८ बमोजिम बक्यौता महसूल बुझाउन पटकपटक पत्राचार गरिएको, (३) हालसम्म पनि बक्यौता महसूल नबुझाएको (४) प्राधिकरणले आवश्यक भएमा बक्यौता महसूल तिर्न विनियमावलीको विनियम २८ बमोजिम किस्ताबन्दीको सुविधासमेत प्राप्त गर्न सकिने प्रस्ट पारेको (५) तोकिएको समयावधिभित्र बक्यौता नबुझाए महसूल विनियमावली, २०७८ को विनियम १० को प्रावधान बमोजिम कारबाही हुने प्राधिकरणले चेतावनी दिएकोलगायत अनेक विवरण त्रिकालदर्शीसमक्ष प्रस्तुत गरे ।

त्यसैगरी, नारदमुनिले मिटर रिडिङ गरेको ६०औं दिनसम्म विद्युत् महसुल नबुझाएमा विनासूचना जुनसुकै समयमा पनि विद्युत् लाइन काटिने व्यवस्था विनियमावलीमा उल्लेख रहेको अवगत गराए। उनले ट्रङ्कलाइन तथा डेडिकेटेड सेवा उपभोग गरेका कयौं उपभोक्ताहरूले बक्यौता रकम तिर्न मन्जुर नभई विभिन्न न्यायालयहरूमा रिट गरेका थिए । तर अदालतबाट त्यसमध्ये ८० प्रतिशतभन्दा बढी उपभोक्ताहरूको रिट खारेज गर्दै महसूल तिर्नुपर्ने फैसला भएका प्रमाणहरू पेश गरे ।

डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता नतिर्ने व्यवसायीको लाइन काट्ने तयारी गरेको नेपाल विद्युत् प्राधिकरणलाई उक्त देशको प्रधानमन्त्रीले नै रोकेका थिए । पछिल्लो समय गत पुसमा प्रधानमन्त्रीले लाइन काट्न निर्देशन दिए। निर्देशनलगत्तै मुलुकका चार ठूला उद्योगको लाइन काटिएको थियो। यद्यपि एकाध दिनपछि प्रधानमन्त्रीले पुनः लाइन जोड्ने आदेश दिए ।

नादरमुनिको प्रस्तुत विवरणले प्राङ्गणमा खैलाबैला मच्यो । अदृश्य प्राधिकरण वर्षौंदेखि अनुभूत गर्दै आइरहेको सत्ता र उद्योगपतिहरूको खैलाबैला देखेर चकित थियो ।

यसै क्रममा नारदमुनिले केही महीनाको महसूल बाँकी हुने सर्वसाधारण जनताको लाइन काट्न खप्पिस प्राधिकरणले शक्ति र पहुँचको आधारमा कार्य गरिरहेको आमगुनासो अवगत गराए। उनले आफूले अनेक स्थानको भ्रमण गरेको र अनेकौं शिवालयहरूमा भक्तजनले प्राधिकरणको ज्यादतीबारे गुनासो पोखिरहेको बताए ।

उनले भने, "हे प्रभु ! नियमानुसार महसूल चुक्ता गर्ने सर्वसाधारण मानिसहरू कर्मचारीहरूको अतिरिक्त लोभ पूरा गर्न बाध्य हुन्छन्। यसतर्फ उक्त देशको सत्ता अन्धो र बहिरो हुन्छ। त्यस कारण सामान्य भक्तजनहरू विभिन्न शिवालयहरूमा प्रभुसँग बिन्ती गर्न बाध्य छन्। सामान्यजनको दुःखेसो मैले स्वयम् अवलोकन गरेको छु, प्रभु। यद्यपि ठूलो आकारको बक्यौता राशि नतिरेका उद्योगहरूप्रति सरकार बाहिरी आवरणमा कठोरता प्रदर्शन गरे पनि आन्तरिक आवरण भिन्दै छ । कहिले लाइन काट्ने उद्घोष त कहिले जोड्ने उदारता देखेर आम मानिस छक्क पर्छन्।

नारदमुनिको प्रस्तुत विवरणले ६१ जना भक्तजन तथा सत्तासाझेदारहरूको हाल बेहाल भयो। उनीहरूले भगवान्सामु उपस्थित नभएकै राम्रो हुन्थ्यो भन्ने सोचिरहेका बेला त्रिकालदर्शीले भन्नुभयो, "अहिले भक्तजनहरूको मनमा उत्पन्न विचारले धैरै कुरा स्पष्ट भइरहेको छ।" प्रभुको कथन सुनेर उनीहरूले आआफ्नो मस्तिष्कलाई विचारशून्य बनाइराख्ने प्रयत्न गर्न थाले ।

भोलेनाथले नारदमुनितर्फ हेर्दै प्रश्न गर्नुभयो, "हे मुनि ! कानून व्यवस्थाले चल्ने देशमा कसैलाई काखा र कसैलाई पाखा किन भइरहेको छ ? यसको कारण के हो ?"

नारदमुनिले भने, "हे प्रभु ! सामान्य मानिसको पहुँच प्राधिकरणको स्थानीय कार्यालयभन्दा माथि हुँदैन। कर्मचारीहरूले जे भन्छन्, त्यो स्वीकार गर्नुको विकल्प हुँदैन । सामान्यजनको व्यथा माथिसम्म पुग्दैन। अखबारहरूको माध्यमबाट आम वेदना निकायसमक्ष पुगे पनि नपुगेझैं हुन्छ। त्यस कारण आम मानिस व्यथा सुनाउन शिवालय पुग्छन्। तर (६१ जना भक्तजन र सत्ताधारीहरूतर्फ इङ्गित गर्दै) यी महाशयहरूको कसिलो हिमचिम वर्णन गरी साध्य छैन। बेथितिको प्रमुख कारण अर्थमोहको सरोवरमा गोता लगाउनु हो, प्रभु ।

त्रिकालदर्शीले भन्नुभयो, "आफूलाई शक्तिमान र सर्वेसर्वा ठान्ने रावण, कालनेमि, सुबाहु, मारीच, कुम्भकर्ण, कबन्ध, विराध, अहिरावण, मेघनाद

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

जाडो मौसममा सङ्क्रमण कम हुन्छ। यसको साथै बिमारी पनि कम हुन्छ । चिकित्सकको क्लिनिक खालीखाली देखिन्छ । चिकित्सकहरू उदास देखिन्छन्। उनीहरूको अन्तर्आत्मा मानिसहरू बिरामी भइरहून् भन्ने चाहन्छ । माथिमाथि हेर्दा हामीलाई यस्तो लाग्छ कि चिकित्सकहरू रोगसँग लडिरहेका छन्, मानिसहरूको बिमारी ठीक गरिरहेका छन्। तर भित्रभित्र यिनीहरू के चाहन्छन् भन्ने जगजाहेर छ। यिनीहरूको रोजीरोटी नै यसैमा निर्भर छ। उनीहरूको आजीविका ब्याक्टेरिया तथा भाइरसले चलाइरहेका छन्। कुरा धेरै विरोधाभासपूर्ण छ । माथिमाथि हेर्दा उनीहरू स्वास्थ्य सेवा जस्तो पवित्र सेवामा संलग्न छन् भन्ने लाग्छ, उनीहरूलाई स्वास्थ्य कर्मचारी भन्छौं। हामी उनीहरूलाई स्वास्थ्य सेवक भन्छौं। तर उनीहरूको भित्री प्राणले भनिरहेको हुन्छ, मानिसहरू बिरामी परिरहून्।

प्रहरी, वकील, न्यायाधीश माथिमाथिबाट हेर्दा सबै न्यायका सेवक हुन् जस्तो लाग्छ। उनीहरू हाम्रो सुरक्षा व्यवस्था बनाउन लागेका छन्जस्तो लाग्छ। भित्रभित्रै भने समाजमा अन्याय भइरहोस् भन्ने उनीहरूको प्राणले चाहिरहेको हुन्छ, अपराधका घटना पनि घटिरहून् भन्ने चाहिरहेको हुन्छ । नत्र उनीहरूको रोजीरोटी कसरी चल्छ ? यदि सबैथोक न्यायपूर्ण भयो र अपराधीहरू दुष्कर्म छोडेर परिवर्तन भए भने सरकार, प्रहरी आदिको केही काम नै हुँदैन। यसले गर्दा उनीहरूको नोकरी पनि खतरामा पर्न सक्छ। सबैको एउटै काम बाँकी रहन्छ घर फर्केर खेतीपाती गर्नु । अरू कुनै काम खोज्नुपर्छ, नभए कसैको मजदूरी नै गर्नुपर्ने हो कि ? कोही अपराधी नै नभएपछि प्रहरीको के काम ?

अदालत चलाउन ठूला-ठूला भवन बनेका छन्। ती भवन विद्यालय अथवा कलेजमा परिणत गरिदिए हुन्छ। न्यायाधीशहरूको पनि केही काम बाँकी रहँदैन, उनीहरूको सम्पूर्ण इज्जत, मान, प्रतिष्ठा अपराधमा निर्भर छ । कुरा सुन्दा विचित्र लाग्छ । सतहीरूपमा हेर्दा उनीहरू न्यायसेवामा संलग्न देखिन्छन्, तर भित्रभित्र उनीहरूको चाहना अन्याय र अपराध भइरहोस् भन्ने हुन्छ। यसैमा उनीहरूको प्रतिष्ठा छ, इज्जत छ, रोजीरोटी तथा आजीविका छ।

ठीक यसै प्रकारले धार्मिक भनाउँदाहरूको सेवा हुन्छ । ओशोको प्रवचनमा एउटा कथा आउँछ । त्यो यहाँ उल्लेख गर्दा सान्दर्भिक होला। एक ठाउँमा सर्वधर्म सम्मेलन हुन गइरहेको थियो । संसारभरिका धार्मिक मानिस, ठूला-ठूला धर्मगुरु, पण्डित, पुरोहित, पादरी सम्मेलनमा उपस्थित भएर प्रवचन दिनेवाला थिए। जुन सडकबाट उनीहरू गइरहेका थिए, त्यहीं सडकको छेउमा एउटा कुवा थियो। त्यो कुवामा एउटा मानिस खसेको थियो। कुवाभित्रबाट बचाऊ, बचाऊ कसैले आएर मलाई निकाल्नोस् भनेर कराइरहेको थियो। बाटो हिंड्ने सबैले उसले कराएको सुनिरहेका थिए। तर उसलाई बचाउनेतर्फ कसैले ध्यान दिएन।

एकजना जैन मुनि त्यहीं बाटो भएर गइरहेका थिए। उनलाई देखेर कुवामा खसेको मानिसले भन्यो- मुनिजी ! मलाई यस कुवाबाट बाहिर निकालिदिनुहोस् । उसको कुरा सुनेर मुनिले भने- तिमीलाई जैन सिद्धान्तको ज्ञान छैन, तिमी नासमझ हौ। जैन सिद्धान्त अनुसार हामीले कसैको जीवनमा हस्तक्षेप गर्नुहुँदैन । किनभने कर्मको सिद्धान्तले भन्छ- मैले अहिले तिमीलाई बचाइदिएँ, तर पछि तिमीले केही गलत काम-जस्तो कसैको हत्या गरिदियौ, कसैको बलात्कार गरिदियौ, कसैको धनमाल चोरी गरिदियौ भने त्यस कर्मको भागीदार म पनि हुनेछु। यसैले म मुक्तिको मार्गमा हिंडेको मानिसलाई जान देऊ। म तिमीलाई कुवाबाट बाहिर निकाल्न सक्दिनँ।

त्यसपछि एकजना हिन्दू महात्मा त्यही बाटो भएर सम्मेलन स्थलतर्फ गइरहेका थिए । उनलाई देखेर कुवामा खसेको मानिस कुवाबाटै करायो- महात्माजी ! महात्माजी !! मलाई बचाउनुहोस् । महात्माले भने- म आदि शङ्कराचार्यको शिष्य हुँ। हाम्रो गुरुले भनेर जानुभएको छ, संसार माया हो, मलाई त के जमीन, के खाल्डो, के कुवा, के पानी सबै बराबर लागिरहेका छन् । सबै माया, सबै स्वप्नजस्तै लागिरहेका छन्। तिमी बाँचेर पनि के गर्न सक्नेछौ र यो संसारमा ? कुवामा परेर मायाबाट मुक्त भइरहेका छौ, किन चिन्ता गर्छौ ? महात्मा यस्तो उपदेश दिएर आफ्नो बाटो लागे।

अन्त्यमा एकजना इसाई मिशनरी त्यही बाटो भएर गइरहेका थिए। उनले पनि त्यो मानिसले बचाऊ-बचाऊ भनेको सुने । उनले फटाफट आफ्नो सुटकेस खोले, त्यहाँबाट डोरी निकाले र त्यो मानिसलाई कुवाबाट बाहिर निकाले । कुवाबाट निस्केपछि उसले इसाई मिशनरीलाई धन्यवाद दिंदै भन्यो- मनुष्य जातिको सच्चा सेवक त हजुर नै हुनुहुँदो रहेछ। यत्तिका मानिस यहाँबाट गए तर कसैले मलाई बचाएन। तर हजुरले करुणा गरेर मलाई बचाइदिनुभयो। यस्तो कुरा सुनेर इसाई मिशनरीले भने- हे महानुभाव ! क्षमा गर्नुहोला। मैले हजुरलाई करुणावश कुवाबाट निकालेको हैन। मैले त हाम्रो शास्त्रमा सेवा गरे स्वर्ग पाइन्छ भनेर लेखिएकोले कता सेवा गर्न पाइन्छ भनेर खोज्दै हिंडिरहेको थिएँ। अनि हजुरलाई कुवामा खसेको देखेर निकालेको हुँ। म हजुरलाई धन्यवाद दिन्छु, हजुरले मेरो स्वर्ग जाने टिकट निश्चित गराइदिनुभयो।

क्रमशः

# बालमनोविज्ञान वा चाइल्ड साइकेयाट्री : २



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**साइकल जब ओरालोमा गुड्छ त्यो माथिबाट तलतल जान्छ। माथि आउने कुरै छैन। त्यस्तै जब कुनै रोग कम लक्षणबाट बढ्दै जान्छ र पहिलेको अवस्थामा कहिले पनि आउँदैन त्यो हो डाउनहिल कोर्स। रोगको लक्षण कहिले पनि निको हुनेतिर लाग्दैन झन्झन् बढ्दै जान्छ।**

गताङ्कमा आटिज्मको उपचारसम्म वर्णन सकिएको थियो। अब-

**व्यापक विकासका अन्य विकृति :**

चाइल्ड साइकोसिस एउटा अस्पष्ट टर्म हो जसमा निम्नलिखित कुरा समाहित हुन्छन्। यथा : चाइल्डहूड : सिजोफ्रेनिया, मूड डिजार्डर र अर्गेनिक साइकियाट्रिक डिजार्डर। यी सबैको पहिले इनफेन्टाइल आटिज्म भनेर दुरुपयोग मात्र भएको थियो। सिजोफ्रेनिया, मूड डिजार्डर र अर्गेनिक साइकियाट्रिक डिजार्डर बच्चामा समानजस्तो देखिन्छ, ठूला मानिसमा जस्तो तिनका लक्षण अलग अलग हुने जस्तो होइन । कहिलेकाहीं चाइल्ड सिजोफ्रेनियालाई आटिज्म भन्ने गल्ती गरिन्छ। तर दुवैमा निम्नलिखित अन्तर छन् : डेल्युजन र हलिसिनेशन चाइल्डहूड सिजोफ्रेनियामा हुन्छ, तर आटिज्ममा हुँदैन। चाइल्डहूड सिजोफ्रेनिया ५ देखि ६ वर्षमा हुन्छ, तर आटिज्म साढे दुई वर्षभन्दा पहिले हुन्छ। अटिज्ममा मध्यम र कडा खाले मानसिक कमजोरी हुन्छ तर सिजोफ्रेनियामा कि हुँदैन वा हलुका खाले हुन्छ । यस अतिरिक्त व्यापक विकासको विकृतिमा अर्को तीन विकृति पनि आउँछ यथा : **क.** हेलर सिन्ड्रोम वा डिसइन्टिग्रेटिभ साइकोसिस, जसलाई आस्ट्रियन शिक्षक थियोडोर थोमसले १९०८ मा पत्ता लगाए, जुन रोग एक लाख बच्चामध्ये एउटामा पाइन्छ। **ख.** एस्पर्जर सिन्ड्रोम जसलाई सर्वप्रथम एकजना अस्ट्रियन चिकित्सक जोहन फ्रेडरिक कर्ल हेन्स स्पर्जरले १९४४ मा पत्ता लगाए तर मनोचिकित्साको मैनयुअलमा १९९४ मा मात्र दर्ता भयो र **ग.** रिट्स सिन्ड्रोम, जसलाई सर्वप्रथम भियनाका एकजना स्नायु विकास बालरोग विशेषज्ञ एन्ड्रिज रेटले १९६६ मा रिपोर्ट गरेका थिए। पहिलो, अर्थात् हेलर सिन्ड्रोम ३ देखि ५ वर्षमा देखिन्छ र यसको मानसिक कमजोरीको विकास डाउनहिल कोर्सले हुन्छ। के हो-डाउनहिल कोर्स भनेको ? साइकल जब ओरालोमा गुड्छ त्यो माथिबाट लगातार तलतल जान्छ। माथि आउने कुरै छैन। त्यस्तै जब कुनै रोग कम लक्षणबाट बढ्दै जान्छ र पहिलेको अवस्थामा कहिले पनि आउँदैन त्यो हो डाउनहिल कोर्स। रोगको लक्षण कहिले पनि निको हुने तिर लाग्दैन झन्झन् बढ्दै जान्छ । यसमा उपचारले केही काम गर्दैन। दोस्रो अर्थात् स्पर्जर सिन्ड्रोम, आटिज्मको त्यो रूप हो जसमा भाषा आदि सिकाइमा खास समय लाग्दैन र आइक्यु पनि कम हुँदैन, जसलाई हलुका आटिज्म भन्न सकिन्छ। यसको अनुपात पुरुष महिलामा ८:१ हुन्छ। तेस्रो अर्थात गेट्स सिन्ड्रोम केवल केटी मान्छेमा हुन्छ जसमा पहिले विकास त सामान्य हुन्छ र शिरको परिधि पनि ठीक हुन्छ। तर ५ देखि ३० महीनाको बीचमा शिरको घेरा कम हुँदै जान्छ र शुरूआतको सामान्य र भइसकेको फाइन मोटर मुभमेन्ट पनि समाप्त हुन थाल्छ तथा पछि निचोर्नु, बटार्नु आदि कुरा स्टेरियोटाइप्ड हुँदै सबै किसिमको गतिशीलताको विकृति विकास भएर बच्चा कडा अपाङ्गतामा पुग्छ।

**४. हाईपरकाइनेटिक वा अत्यधिक चंचलताको विकृति**

यसलाई एटेन्शन डेफिसिट डिजार्डर वा एकाग्र हुन नसक्ने विकृति पनि भनिन्छ। यसलाई सर्वप्रथम हेनरिच हाफले १८५४ मा पत्ता लगाए। तबदेखि यसलाई विभिन्न नामले पुकारिन्छ । यथा : मिनिमल ब्रेन डिसफंक्शन, स्ट्रास सिन्ड्रोम, अर्गेनिक ड्राइभनेस वा मिनिमल ब्रेन डैमेज आदि। यो एउटा सामान्य डिजार्डर हो जुन स्कूल जाने उमेरको ३ प्रतिशत बच्चामा देखिन्छ। यसको शुरूआत सात वर्षमा हुन्छ तर अधिकांश चार वर्षको बच्चामा पनि देखिन्छ। यो चार प्रकारको हुन्छ : अत्यधिक चञ्चलतासहित, चञ्चलतारहित, रेसिड्युअल र चालचलनको विकृतिसहित । पहिलो अर्थात् चञ्चलतासहितको डिजार्डर बढी सङ्ख्यामा पाइन्छ, जसमा एकाग्रताको कमी-शुरू गरेको काम पूरा नगर्ने, पूरा भइ नसकेको काम छाडी अर्को गर्न थाल्ने, सुन्न नचाहने, बाहिरी कुनै कारणले पूरै विचलित हुने। त्यस्तै हाइपर एक्टिभिटी अन्तर्गत पर्छ चुलबुले र चकचके हुने, एक ठाउँमा बस्न नसक्ने, यताउति डुली रहने, अत्यधिक कुरा गर्ने, अर्काको कार्यमा बाधा हाल्ने आदि हुन्छ । तेस्रो कुरा हो संवेगी हुनु, जसमा विनाविचार क्षण भरमा काम गर्न चाहने, खेल वा कामको प्रतीक्षा नगर्ने । अर्को हो, चञ्चलताविहीन : जसमा एकाग्रताको कमी कमै सङ्ख्यामा पाइन्छ जसमा चञ्चलताबाहेक अरू लक्षण समान हुन्छ। रेसिड्युअल टाइपमा पहिले हाइपरकाइनेटिकजस्तै इतिहास हुन्छ जसमा रोग छुटे पनि केही लक्षण वयस्कावस्थासम्म रहिरहन्छ। त्यसकारण यसलाई रेसिड्युअल भनियो। चौथो हो हाइपरकाइनेटिक कन्डक्ट डिजार्डर : जुन बच्चाको चालचलनमा देखिन्छ जुन शिक्षक र मातापिताको रिपोर्टबाट थाहा हुन्छ।

तस्वीरः एआई



**कारण**

उपरोक्तका थुप्रै कारणहरू हुन्छन् जसमा : हलुका ब्रेन डैमेज, परिपक्वतामा कमी, वंशानुगत र नरइपिनेफ्रिन तथा डोपामिनको असन्तुलन आदि । तर ठ्याक्कै थाहा नभए पनि शुद्ध मनोवैज्ञानिकभन्दा जैविक कारण नै मुख्य देखिएको छ। यसका ८० प्रतिशत बिरामी किशोरावस्थासम्म पुग्दापुग्दै आफैं ठीक हुन्छ । १५ देखि २५ प्रतिशतलाई वयस्कावस्थासम्म केही लक्षण रहिरहन्छ जसमा संवेगी हुनु र एकाग्र हुन नसक्ने लक्षणहरू हुन्छन्। तर पनि चञ्चलता समाप्त भइसक्छ।

**उपचार निम्नलिखित छन् :**

औषधीय चिकित्सा जसमा स्टिमुलेन्ट आउँछ : डेक्सट्रोएम्फिटामिन र मिथाइल फेनिडेट। यो ९० प्रतिशत सफल हुन्छ। यसले ब्रेन रोक्ने काम बढाएर चञ्चलता कम पार्छ। अन्य औषधिमाः क्लोनिडिन, इमिप्रामिन, वुप्रोपियोन, भेन्लाफेक्सिन, क्लोरप्रोमाजिन र थायोरिडाजोन आदि। तर यिनको उपयोग जब माथिको स्टिमुलेन्टले काम गर्दैन, तब मात्र गरिन्छ। दोस्रोमा, विहेवियर र तेस्रोमा काउन्सेलिङ र सपोर्टिभ साइकोथेरापी। एक्लै यी दुवैले काम गर्दैनन्। यस कारण औषधीय उपचारसँगसँगै यो पनि गरिन्छ।

**५. कन्डक्ट डिजार्डर वा चालचलनको विकृति :**

यसको मतलब हुन्छ बच्चाको सामाजिक चालचलन असामाजिक हुनु, सामाजिक चलनको अवहेलना र उल्लङ्घन, जसले अर्काका अधिकारको हनन हुन्छ । यो केटीभन्दा केटामा ५ देखि १० गुणा बढी हुन्छ। अमेरिकामा सबै १८ वर्ष उमेरको बच्चा १० प्रतिशतले यसबाट पीडित हुन्छन् । यसको चार उपप्रकार छ। यथा : **क.** परिवारभित्र सीमित **ख.** असामाजिक चालचलन **ग.** सामाजिक र **घ.** खुल्लमखुला सामाजिक चलनको उल्लङ्घन। यसका लक्षण हुन् : बारम्बार झूट बोल्नु, चोरी वा डकैती गर्नु, तोडफोड र आगो लगाउने, हातहतियारको प्रयोग, मान्छे वा अरू पशुप्रति क्रूर र निर्दयी हुनु आदि । सामाजिकरूपमा केवल कसैलाई माया नगर्ने गुनासो मात्र हुन्छ । खुल्लमखुला रूप बढी चिन्ताको डिजार्डर हो जसमा साइको डिजार्डर लुकेको हुन्छ । पहिले चालचलनको विकृतिलाई जुभेनाइल डेलिक्वेन्सी भनिन्थ्यो । सोसल टाइप निको हुन्छ र राम्रो जीवन व्यतीत गर्न सक्छ । केही कडा लक्षणहरू क्रोनिक बन्छ र १८ वर्षपछि पर्सनालिटी डिजार्डर बन्छ। यी टिपिकल लक्षण केही सहायक चरित्रको रूपमा देखा पर्छ । यथा ड्रग एब्युज र ड्रगडिपेन्डेन्सी, नचाहिंदो गर्भधान, एड्स निम्त्याउनु, आपराधिक रेकर्ड तथा आत्महत्या वा हत्याजस्तो व्यवहार । यसको उपचार कठिन हुन्छ र रोगीलाई निको पार्न संस्थामा भर्ती गर्नुपर्छ। जब बच्चा कानूनी कठिनाइको सामना गर्छ । व्यवहार, प्रशिक्षण र साइकोथेरापी यसको उपचार हो । रोगीमा छारे रोग, चञ्चलता, आवेग वा उन्माद छ भने औषधीय चिकित्सा आवश्यक पर्छ।

## एकादेशको कथा ...

आदि अनेकौं राक्षसहरू देवताहरूबाट वर प्राप्त गरे। शक्ति प्राप्त भइसकेपछि कर्तव्यपथबाट विचलित हुँदै गए । अनि विभिन्न कालखण्डमा उनीहरूको पतन भयो। हे भक्त बाँकी कुरा आफैं विचार गर्नु ।" अन्ततः त्रिकालदर्शी १५१ फिट अग्लो प्रतिमूर्तिमा बिस्तारै विलीन हुनुभयो। नारदमुनि पनि अन्तर्ध्यान भए।

**कथा नं ६**

"प्रभु जी तुम चन्दन हम पानी पानी
जाकि अङ्गअङ्ग बास समानी
जाकि अङ्गअङ्ग बास समानी
प्रभुजी तुम चन्दन हम पानी ..."

पशुपतिनाथको मन्दिरअगाडि भजन गाइरहेका भक्तजनको ठूलो भीड थियो। गेरुवा वस्त्रमा सुसज्जित उनीहरूको हातहातमा हारमोनियम, ढोलक, कटझाल आदि कुनै न कुनै वाद्ययन्त्र थियो । उनीहरूको भजन सुन्नेहरूको भीड बढ्यो। भीड आश्चर्यचकित भयो । किनभने भजन गाइरहेका ती अनुहारहरू मानिसहरूलाई चिनेजस्तो लाग्थ्यो। यसै भीडमा प्राधिकरण पनि थियो । उसले बक्यौता अर्बौं रुपैयाँ आउँला र गरीबहरूको झुपडी, किसानहरूको खेत आदि क्षेत्रहरूमा निश्शुल्क उपलब्ध हुने आशा उसको मनमा पलायो।

भीडमध्ये कतिपय मानिसहरूले सामाजिक सञ्जालहरूमा प्रत्यक्ष प्रसारण गर्न थाले । नेता, सत्ताधारी, फलाना, चिलाना कमेन्ट आइरहेका थिए । केहीबेरमैं क्यामरा, कलम, काजगसहित सञ्चारकर्मीहरू एकपछि अर्को गरी आउन थाले । एकाएक हृदय परिवर्तन कसरी भयो ? नेता र उद्योगपतिले एकसाथ भगवान्‌को भक्ति गर्नुको कारण के हो ? डेडिकेटेड फिडर र ट्रङ्कलाइन विवाद के भयो ? आदि प्रश्नहरू सञ्चारकर्मीहरूले गर्न थाले।

मुस्कुराउँदै उनीहरूले एकमुस्ट प्रतिक्रिया दिंदै भने, "प्रभुजी, तुम चन्दन हम पानी ...।" भोलिपल्ट समाचारहरूमा "हाम्रा नेताहरू सुध्रिएझैं देखिए, अब देशको कायापलट होला भन्ने आशा गरौं ।" समाप्त।

# प्लास्टिकको खोजको कथा

प्लास्टिक पर्यावरणका लागि अत्यन्त घातक हुन्छ। यो प्रदूषणको एउटा ठूलो कारण पनि हो । आज विश्वका सबै मुलुक प्लास्टिकजन्य प्रदूषणको अत्यन्त विनाशकारी समस्याबाट जुझिरहेका छन्। हाम्रै मुलुकमा प्लास्टिकजन्य प्रदूषणबाट नगरीय पर्यावरण नराम्ररी प्रभावित भइरहेको छ । नगरहरूमा जथाभावी फ्याँकिएका प्लास्टिक खाएर ठूलो सङ्ख्यामा पशुपक्षीहरूको मृत्यु भइरहेको छ।

प्लास्टिक नैसर्गिकरूपले विघटित हुने पदार्थ होइन । यस कारण एकपटक उत्पादन भएपछि यो स्थायीरूपमा प्रकृतिमा रहिरहन्छ। प्रकृतिमा यसलाई नष्ट गर्न सक्ने कुनै सक्षम सूक्ष्म जीवाणुको अभावका कारण यो कहिले पनि पूर्णरूपेण नष्ट हुन सक्दैन । यसलाई नष्ट गर्ने तत्त्वहरूको अभावमा एक किसिमको असन्तुलन उत्पन्न हुन्छ र त्यस कारण सम्पूर्ण वातावरण प्रदूषित हुन्छ।

आधुनिक युगमा प्लास्टिक एउटा प्रमुख पदार्थ मानिन्छ, जसको उपयोग हाम्रो दैनिक जीवनमा अनेकौं प्रकारले हुन्छ। प्लास्टिकका धेरै फाइदाहरू पनि छन् । काठ र कागजजस्तै प्लास्टिक कुहिंदैन र फलामजस्तो यसमा खिया पनि लाग्दैन । प्लास्टिकबाट निर्मित वस्तु खस्यो भने भाँचिदैन । बिजुलीको जोखिमबाट जोगिन प्लास्टिककै विद्युत् उपकरण बनाइन्छ । प्लास्टिकमा विभिन्न रासायनिक पदार्थहरू मिलाएर आवश्यकता अनुसार यसलाई नरम, कठोर, पारदर्शी तथा कुनै पनि रंगको बनाउन सकिन्छ।




प्लास्टिक विगत एक शताब्दीको विकास यात्राको केन्द्र बनेको छ। यसको इतिहास पनि कम रोचक छैन । प्लास्टिकको निर्माण सर्वप्रथम सन् १८६८ मा संयुक्त राज्य अमेरिकाका प्रसिद्ध वैज्ञानिक जान वेसली हयातद्वारा गरिएको थियो । प्लास्टिकको खोज वस्तुतः एउटा प्रतियोगिताले गर्दा हुन पुग्यो । संयुक्त राज्य अमेरिकामा बिलियर्ड बालको निर्माणका लागि त्यस बेला सामान्य रूपमा हात्तीको दाँतको उपयोग गरिन्थ्यो, तर हात्तीको दाँत विदेशबाट आयात गर्नुपर्दथ्यो।

विदेशबाट आयात गर्नुपर्ने भएकोले यो निकै महँगो हुन्थ्यो र अनेकन समस्याको सामना गर्नुपर्दथ्यो । यसै कारण संयुक्त राज्य अमेरिकाका उद्योगपतिहरू एउटा यस्तो विकल्पको खोजीमा थिए, जुन सस्तो होस् र आयात गर्ने झन्झटबाट मुक्त होस्। यस प्रकारको विकल्पको खोजी गर्नका लागि सन् १८६८ मा एउटा प्रतियोगिता आयोजन गरियो। यस प्रतियोगितामा हात्तीको दाँतको सर्वोत्तम विकल्प खोज गर्ने व्यक्तिलाई दस हजार अमेरिकी डलर पुरस्कार दिने घोषणा गरियो।

जान वेसली हयात नामक रसायनविद्ले यस प्रतियोगितामा भाग लिएर आफ्नो भाग्य जाँच्ने निश्चय गरे। उनले हात्तीको दाँतको विकल्पको रूपमा पाइरोक्सिलीन नामक एउटा सेलुलोज नाइट्रेट प्रयोग गर्ने योजना बनाए । यसभन्दा केही समय अघि मात्र इङ्ल्यान्डका प्रसिद्ध वैज्ञानिक एलेक्जेन्डर पार्क्सले के अनुमान गरेका थिए भने पाइरोक्सिलिनलाई कपूरमा मिसाएर जुन मिश्रण तयार हुन्छ, त्यो निकै लचिलो स्वभावको हुन्छ र यसलाई सजिलै कुनै पनि आकारमा ढाल्न सकिन्छ, तर

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## केन्याको राजधानीमा भीषण आगलागी २०० भन्दा बढी घाइते

नैरोबी, केन्या, १९ माघ/एएफपी

केन्याको राजधानी नैरोबीमा ग्याँस बोकेको ट्रक विस्फोट हुँदा कम्तीमा दुई जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएका केन्याका सरकारी उच्च अधिकारीले शुक्रवार बताएका छन्।


तस्वीर: एजेन्सी

सरकारका प्रवक्ता आइज्याक मैगुआ मवौराले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा लेखेका छन्–“विस्फोटले आगोको ठूलो लप्काले शहरबीच रहेका सवारी साधन र आवासीय भवनहरूलाई भेटेको र घटनाको समाचार तयार पार्दासम्म कम्तीमा दुईजनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी व्यक्ति घाइते भएका छन्। विस्फोटपछि आगोको लप्का व्यापकरूपमा फैलिएको छ।”

“फलस्वरूप, आगोले धेरै साना र मझौला आकारका व्यवसायसहित धेरै सवारी साधन र व्यावसायका लागि राखिएका सामानमा थप क्षति पुर्‍याएको छ”–उनले भने–“घटनास्थल वरपरका आवासीय घरहरूमा पनि आगो लागेको छ। घटना रातिको समय हुँदा धेरै मानिस घरभित्र रहेकाले ठूलो सङ्ख्यामा हताहत भएको पाइएको छ।

दुर्घटनामा परी कम्तीमा दुईजनाको मृत्यु भएको र अन्य २२२ जनालाई राजधानीका विभिन्न अस्पतालमा लगिएको सरकारी प्रवक्ताले जानकारी दिए। यस अघि केन्या रेडक्रसले करीब ३०० जना घाइते भएका जानकारी दिएको थियो।

घटनास्थलमा उपलब्ध एएफपीका पत्रकारका अनुसार अग्निनियन्त्रकहरूले स्थानीय समय अनुसार बिहान ७ :०० बजेसम्म आगो नियन्त्रणमा लिने प्रयास गरिरहेका थिए। त्यस क्षेत्रबाट कालो धूवाँको ठूलो मुस्लो निस्किरहेको देखिएको थियो।

राजधानीको दक्षिणपूर्वी क्षेत्रमा बिहीवार राति आगलागी भएको थियो।

स्थानीय सञ्चार माध्यमले प्रसारण गरेको तस्बिरमा धेरै घरनजीकै ठूलो आगोको गोला देखिएको छ।

एएफपीका एक पत्रकारका अनुसार धेरै घर र सवारी साधन जलेका छन्।

“हामी घरमा थियौं र ठूलो विस्फोटको आवाज सुन्यौं”–आगो लागेको ठाउँको छेउछाउ बस्ने जेम्स एनगोगेले एएफपीलाई बताए।

उनले भने–“विस्फोटका कारण आएको आवाज र ठूलो कम्पनले पूरै भवन हल्लिएको थियो, यो ढल्न लागेको जस्तो लाग्यो। शुरूमा त हामीलाई के भइरहेको छ भन्ने पनि थाहा थिएन, यो भूकम्पजस्तै थियो।”

घटनापछि घटनास्थल वरपरका धेरै बासिन्दाले घरबाहिर अलि टाढा गएर रात बिताएका थिए।

सञ्चारमाध्यमले देखाएका भिडियो तथा तस्बिरमा प्रहरीले प्रभावित क्षेत्रलाई घेरेको छ तर केही मानिसले सामानहरू सङ्कलन गरेको र क्षतिको सर्वेक्षण गरेको देख्न सकिन्छ।

“घटनास्थल सुरक्षित भइसकेको छ र उद्धार र अन्य हस्तक्षेप प्रयासमा सहयोग पुर्‍याउन कमान्ड सेन्टर बनाइएको छ”–मवौराले भने।

यस अघि, सन् २०१८ मा नैरोबीको जिकोम्बा बजारमा भएको आगलागीमा परी १५ जनाको मृत्यु भएको थियो र त्यस आगलागीमा ७० जना घाइते भएका थिए। रासस

## मलेशियाको हिरासतबाट १०० भन्दा बढी रोहिंग्या फरार

क्वालालम्पुर, १९ माघ/एएफपी

मलेशियामा रोहिंग्या शरणार्थी रहेको हिरासत केन्द्रमा भएको हिंसात्मक झडपपछि १०० भन्दा बढी शरणार्थी हिरासतबाट भागेका छन् भने भाग्ने क्रममा राजमार्गमा गाडीको ठक्करबाट एकजनाको मृत्यु भएको छ।

उत्तरी पेराक राज्यको बिदोर अस्थायी अध्यागमन डिपोबाट भाग्नु अघि ११५ रोहिंग्या आप्रवासी र अन्य १६ जनाले हिरासत भवनमा दङ्गा गरेको स्थानीय प्रहरी प्रमुख मोहम्मद नईम अस्नावीले एएफपीसँग कुरा गर्दै पुष्टि गरे।

प्रहरी र अन्य निकायका अधिकारीहरूले बेपत्ता थुनुवाहरूको खोजी गरिरहेको नइमले बताए।

उनले उत्तर–दक्षिण राजमार्गमा अँध्यारोमा गुडिरहेको गाडीको ठक्करबाट एकजना शरणार्थीको मृत्यु भएको बताए।

प्रहरीका अनुसार दङ्गा र झडपको कारणबारे अनुसन्धान भइरहेको छ।

आफ्नो बौद्धबहुल मातृभूमि म्यान्मामा उत्पीडनको शिकार भई रोहिंग्याहरू मुस्लिमबहुल मलेशिया, इन्डोनेशिया र बङ्गलादेशको शरणार्थी शिविरहरूमा रहँदै आएका छन्। यीमध्ये अधिकांश बङ्गलादेशमा रहेका दर्जनौं शरणार्थी शिविरहरूमा रहेका छन्।

गरीबीसँग जुध्दै रोजगारको अवसरका लागि बङ्गलादेश र म्यान्माबाट थाइल्यान्डसँगको खुला सिमाना भएर डुङ्गा चढेर मलेशिया छिर्न वा लुकिछिपी मलेशिया प्रवेश गर्न उनीहरू महीनौं लामो समुद्री यात्रा गर्छन्।

पक्राउ परेमा रोहिंग्यालाई प्रायः भीडभाड र फोहोर अवस्थाका हिरासत केन्द्रमा पठाइने गरेको अधिकारवादी समूहहरूले बताउने गरेका छन्।

मलेशियामा एक लाखभन्दा बढी रोहिंग्याहरू अवैधरूपमा स्थापित व्यावसायिक संस्था र अन्य कम तलबका संस्थाहरूमा काम गर्छन्। रासस

### प्लास्टिकको...

पार्क्सले यस दिशामा अपेक्षित सफलता पाउन सकेनन्।

जान वेसली हयातले पार्क्सले बनाएको विधिमा केही संशोधन गरे। उनले पार्क्सद्वारा बताइएको मिश्रणमा निकै धेरै दबाब र तापमान खन्याए। यसको फलस्वरूप एक प्रकारको प्लास्टिक तयार भयो, त्यसको नाउँ हयातले सेलुलायड राखे, तर हयात जुन कुराको खोजीमा थिए, त्यो फेला परेन, जसले गर्दा उनी दस हजार डलरको पुरस्कारबाट वञ्चित भए। तर यस प्रयोगले उनलाई यति त थाहा भयो कि यस पदार्थलाई अनेक वस्तु निर्माण गर्न हात्तीको दाँतको विकल्पको रूपमा उपयोगमा ल्याउन सकिन्छ।

हयातद्वारा विकसित गरिएको रासायनिक पदार्थबाट शुरूशुरूमा नक्कली दाँत, कमिजको कालर इत्यादि निर्माण गरिन्थ्यो। केही समयपछि यस रासायनिक पदार्थबाट फोटोग्राफिक फिल्म, स्वचालित वाहनका झ्याल, पर्दा तथा विन्डस्क्रिन इत्यादि वस्तु बनाउन थालियो।

उन्नाइसौं शताब्दीको अन्तिम दशकमा विल्लेलम फ्रिस्क तथा एडोल्फ स्पिट्लर नामक दुई जर्मन रसायन वैज्ञानिकहरूले ब्ल्याक बोर्ड निर्माण गर्नका लागि स्लेटको विकल्प खोज्ने प्रयास शुरू गरे। कैयौं प्रयोगपश्चात् उनीहरू यो पत्ता लगाउन सफल भए कि कैसिनमा फर्मोल्डिहाइडको अभिक्रियाबाट जनावरको सिङसँग मिल्दोजुल्दो एक प्रकारको प्लास्टिक पदार्थ प्राप्त हुन्छ, जसको उपयोगिता जानेर त्यसको व्यावसायिक उत्पादन शुरू भयो।

यस पदार्थको व्यापारिक नाम गैलालिथ राखियो। गैला र लिथ दुवै ग्रीक भाषाका शब्द हुन्, जसको अर्थ क्रमशः दूध र ढुङ्गा हुन्छ। यस प्रकार गैलालिथको शाब्दिक अर्थ भयो–दूधेढुङ्गा। किनकि कैसिन प्लास्टिकको रंग दूधजस्तो सेतो र त्यसको मजबूती ढुङ्गाजस्तो थियो, त्यसैले यसलाई सम्मिलितरूपमा गैलालिथ भनियो।

उद्योग जगत्मा गैलालिथ निकै उपयोगी पदार्थ साबित भयो र यसबाट कैयौं वस्तु बनाउन थालियो। प्लास्टिक उद्योगको विकासको दिशामा महत्त्वपूर्ण योगदान दिने एकजना अन्य प्रमुख वैज्ञानिक थिए, बेल्जियम मूलका अमेरिकी नागरिक डा एडोल्फ बफन, प्रसिद्ध जर्मन रसायनविद् डा लियो बैकल्यान्ड।

बेयरले सन् १८७२ मा गरेका प्रयोगहरूबाट पत्ता लगाएका थिए कि जब अनेक प्रकारका फिनाल र एल्डिहाइडको अभिक्रिया हुन्छ तब एउटा ज्यालजस्तो वस्तु तयार हुन्छ। बेयरद्वारा विकसित यस ज्यालजस्तो पदार्थलाई सन् १९०९ सम्म कुनै पनि उपयोगमा ल्याउन सकिएको थिएन, तर सन् १९०९ मा फिनाल र फर्मल्डिहाइडको अभिक्रियामा केही परिवर्तन गरेर बेकल्यान्डले एउटा यस्तो प्लास्टिक निर्माण गर्न सफल भए, जसको उपयोग कैयौं उद्योगमा हुन सक्दथ्यो। बेकल्यान्डकै नाममा यस नयाँ प्लास्टिकको नामाकरण बेकेलाइट गरियो। यसलाई ताप र दबाबको प्रभावमा विभिन्न आकृतिमा ढाल्न सकिन्थ्यो।

घोलको रूपमा यस पदार्थको उपयोग काठको तख्ता, लुगा तथा कागज इत्यादि टाँस्न गमको रूपमा गर्न सकिन्थ्यो। यस प्रकार बेकेलाइट सबभन्दा पहिलो व्यावसायिक कृत्रिम ज्याल थियो। सन् १९०९ देखि अबसम्म भएका अनेक प्रयासको फलस्वरूप नै प्लास्टिकको उपयोग आज सर्वत्र भइरहेको छ।

आज प्लास्टिकबाट बनेका सामानले हाम्रो जीवनको प्रत्येक क्षेत्रमा आफ्नो महत्त्वपूर्ण स्थान बनाइसकेका छन्। आधुनिक काललाई यदि प्लास्टिकको युग भनिन्छ भने गलत हुनेछैन। यसको दोस्रो पक्ष भने अत्यन्त नै हानिकारक छ। यसले प्रदूषण फैलाउँछ। प्लास्टिकजन्य प्रदूषणबाट मुक्तिका लागि समाजको सबै वर्ग तयार रहनुपर्छ।

दैनिक जीवनको आफ्नो आवश्यकतामा प्लास्टिकको मात्रा बिस्तारैबिस्तारै कम गर्दै वैकल्पिक साधनहरूको उपयोग गर्दै जानुपर्छ। यसबाट प्लास्टिकको उत्पादन, विक्रय र उपयोग तीनैमा बिस्तारैबिस्तारै कमी आउन थाल्छ। प्लास्टिकको पुनर्चक्रीकरण–रिसाइकलिङ पनि एउटा समाधान हो, तर अहिले रिसाइकलिङ अत्यल्प मात्रामा मात्र हुन्छ। यद्यपि पुनर्चक्रीकरणको प्रक्रिया पनि प्रदूषणकारी छ। त्यसैले मानवताको भविष्यका लागि प्लास्टिकबाट मुक्ति नै उचित मार्ग हो। समय छँदै उचित पाइला चाल्नुपर्छ र प्रदूषणको मारबाट जोगिने उपाय खोज्नुपर्छ।

## भारतको पहिचान ताजमहल कि राममन्दिर ?

मन्तव्य


कुमारबन्धु रूपाखेती

**तर दक्षिण एशियाका मुलुकहरूमा गर्नु नगर्नु सबै राजनीतिले गराउँछ। त्यसैले म भन्छु भारतको पहिचान ताजमहल कि राम मन्दिर भन्ने सवाल नै बेतुक छ। त्यसैले त भारतमैं भन्छन्- राजनीति के मर्दों ने वेश्याओं को भी मात दे दिया है।**

भारतको पहिचान ताजमहल कि राम मन्दिर भन्ने नयाँ बहस सतहमा आएको छ। ताजमहललाई सदीयौंदेखि भारतको आश्चर्य र पहिचानको रूपमा वर्णन गरी आएको थियो। ताजमहललाई संसारकै अजुबा पनि भनिन्छ। शाहजहाँले आफ्नो बेगम नूरजहाँको सम्झना अविस्मरणीय र अक्षुण्ण राख्न ताजमहल निर्माण गरेको भारतीय इतिहासकारहरूले वर्णन गर्दै आएका हुन्। भारत भ्रमणमा आउने जोकोही सर्वप्रथम ताजमहलकै अवलोकन भ्रमण गर्न पुग्दछन्। भारत भ्रमणमा आउने उच्च राजनीतिक विदेशी नेताहरूलाई समेत भारत सरकारले उच्च सम्मानका साथ ताजमहल दर्शन गराउने चलन छ। ताजमहलको वर्णनमा भारतले विगतदेखि नै ठूलो लगानी गरेको, यसको स्वरूप यथावत् राख्न र विदेशी पर्यटक लोभ्याउन हरसम्भव प्रयत्न गर्दै आएको छ। भारतको प्रमुख ऐतिहासिक सम्पदामध्ये ताजमहल भारत सरकारको अमूल्य ऐतिहासिक सम्पदा मानिँदै आएको हो। ताजमहल भारतको ऐतिहासिक धरोहर र सम्पदा मात्र नभई यो विदेशी पर्यटकहरूको पहिलो रोजाइ, पहिलो गन्तव्य र आर्थिक उन्नतिको प्रमुख आधारसमेत हो। माउन्ट एभरेस्ट (सगरमाथा) भनेपछि नेपाल र ताजमहल भनेपछि भारत बुझ्ने कुरा नै परम्परा हो। ताजमहल भ्रमणपश्चात् आफ्नो मुलुक पुग्ने थुप्रै विदेशी लेखक पर्यटकहरूले ताजमहलको वर्णनमा चार चाँद लगाएर मननीय, पठनीय लेख लेखेको पनि पाइन्छ। भनिन्छ भारत भ्रमणमा आउँदा तालमहलको सौन्दर्यले प्रभावित भई थुप्रै विदेशीहरूले सयकडौं भाषामा ताजमहलको वर्णन गरेको पाइन्छ। भारत विभिन्न जातजाति बसोवास गर्ने मुलुक भएपनि सबैले ‘वाह ताज’ भन्ने गरेको पाइन्छ। भारतको गौरव, शाहजहाँको नूरजहाँप्रति प्रेम, ताजमहलको बनावट, निर्माणशैली, यसको देशीविदेशी आकर्षण आदिले गर्दा यसको विश्वव्यापी लोकप्रियताबाट कोही अछूतो छैन। तर अहिले अयोध्यामा राममन्दिर निर्माण भएपछि एकाएक ताजको नाज घट्न थालेको देखिन्छ। सबैलाई ज्ञात नै छ कि बाबरी मस्जिद र राम मन्दिरको लामो विवाद अदालत, कचहरीले समाप्त गरेपछि त्यहाँ राम मन्दिर निर्माणको बाटो खुलेको थियो। पत्याउनुस् नपत्याउनुस् २२ जनवरीपछि अस्तिसम्म राममन्दिर दर्शन गर्न करीब ४० लाख श्रद्धालुहरू अयोध्या पुगेको भारतीय सञ्चारमाध्यम र भाजपायीहरूले बताउन थालेका छन्। यस्तो विशाल र भयङ्कर पर्यटक उपस्थिति कुनै पनि धर्मस्थलमा देखिंदैन। पर्यटकीय र धार्मिकस्थल ताजमहलको पनि यस्तो रेकर्ड छैन। कसैले होइन, धेरैले अयोध्याको राम मन्दिरलाई राममयको साथसाथ राजनीतिमयसमेत बनाइएको आरोप लगाउँछन्। ५०० वर्ष अघि मुगल सम्राटले खोसेको स्थानमा राम मन्दिर स्थापना गरिएको इतिहासकार बताउँछन्। अहिले २०२४ मा संसारका थुप्रै मुलुकहरूमा निर्वाचन हुँदैछ, भारतमा पनि। भनिन्छ राम मन्दिरको यो तामझामसमेत निर्वाचन लक्षित छ। राम मन्दिरको व्यापक प्रचारप्रसारले हिन्दू मतदाता रिझाउने अस्त्रको काम गरिरहेको आरोप लगाउने थुप्रै छन्। रामको नाम वास्तवमा कुनै प्रचारप्रसारको मोहताज छैन। त्रेतायुगी राम सनातनी हिन्दू धर्मावलम्बीहरूको मनमनमा, कणकणमा छन्।


तस्वीर: एआई

यहाँहरूलाई थाहा छ कि छैन केही वर्ष अघि यही माघ महीनाको १ गते तत्कालीन माओवादीहरूको गोलीले शिर छेदन गरी हत्या गर्दा वीरगंजका तत्कालीन मेयर गोपाल गिरीले ‘हे राम’ भन्दै देह त्याग गरेका थिए।

राम मन्दिरको अति प्रचार र अति व्याख्याले कतै ताजमहलको लोकप्रियतालाई त असर गर्ने होइन भन्ने प्रश्न भारतीय समाजमा उठ्न थालेको छ। ‘मुँह में राम, बगल मे छुरा, राम नाम जपना परायामाल अपना’ भन्ने उखान हामी हिन्दूहरूले नै बनाएका हौं। केही भारतीय विद्वान्हरूका अनुसार प्रेमको प्रतीक ताजमहल भारतको प्रसिद्ध पर्यटकीय स्थल हो भने राम मन्दिर विशुद्ध धार्मिक स्थल हो। यहाँ राजनीतिको घोल र झोल चुहाउने प्रयास हुँदैछ रे।

हाम्रो सन्ततिलाई हामी जानकारी दिन्छौ कि बाबरी मस्जिद भत्काएर त्यो स्थानमा सन् २०२४ मा राम मन्दिर बनाइयो भन्ने एक सचेत मुस्लिमलाई उत्तरप्रदेशका मुख्यमन्त्री योगीले और हम कुछ उखाड नहीं पाए यह भी कह देना भनेर रूखो जवाफ फर्काएछन्। वास्तवमा राम मन्दिर र ताजमहल दुई अलगअलग उद्देश्य लिएर बनेका ऐतिहासिक निर्माण हुन्। पर्यटकीय ताजमहल र हिन्दूहरूको धार्मिक राम मन्दिरको तुलना गर्ने कुरै आधार नै देखिंदैन। तर दक्षिण एशियाका मुलुकहरूमा गर्नु नगर्नु सबै राजनीतिले गराउँछ। त्यसैले म भन्छु भारतको पहिचान ताजमहल कि राम मन्दिर भन्ने सवाल नै बेतुक छ। त्यसैले त भारतमैं भन्छन्- राजनीति के मर्दों ने वेश्याओं को भी मात दे दिया है। अल्लाह, अकबर तेरो नाम सबको सम्मति दे भगवान्। भारतको पहिचान त ताजमहल हो जस्तो लाग्छ मलाई।

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुभय |
| मिथुन – कार्यनाश | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यभय | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# काङ्ग्रेसप्रति नकारात्मक प्रभाव छ –महामन्त्री थापा

प्रस, रौतहट, १९ माघ/

नेपाली काङ्ग्रेसका महामन्त्री गगन थापाले ग्रासरूटमा बसोबास गर्ने आम



नागरिकका समस्याहरूलाई बुझेर समाधानको प्रयासमा नेपाली काङ्ग्रेसले समुदायमा जाने अभियान सञ्चालन गरेको बताएका छन् ।

'समुदायमा जाऔं, नागरिकका कुरा सुनौं' अभियान अन्तर्गत शुक्रवार रौतहटको दुर्गाभगवती गाउँपालिका–१ गङ्गापिपरामा आयोजित नागरिक संवाद कार्यक्रममा महामन्त्री थापाले आम नागरिकमा काङ्ग्रेसप्रति नकारात्मक प्रभाव बढिरहेकोले वास्तविक समस्याहरू के के हुन् पहिचान गर्न नेपाली काङ्ग्रेसले मेची–महाकाली यात्रा प्रारम्भ गरेर जनताका कुराहरू बुझ्ने प्रयास गरेको बताए। उनले अभियानमा आफूसहितका शीर्ष नेताहरू जनतासँग संवाद गरेर हिंडेको बताए ।

उनले मधेसको प्रमुख समस्या भनेको कृषि, स्वास्थ्य, शिक्षा र पूर्वाधारको समुचितरूपमा सम्बोधन र व्यवस्थापन नभएको बताए । यिनै समस्याहरूका कारण मधेसको जनतामा निराशा छाएको हुँदा उक्त निराशालाई आशामा परिवर्तन गर्न काङ्ग्रेसले कदम चाल्ने प्रस्टयाए। विकास निर्माण कार्य समयमा पूरा नहुनु विडम्बनापूर्ण कार्य भएको बताउँदै उनले नेपाली निर्माण व्यवसायीहरू विदेशमा काम गर्दा छ महीना वर्ष दिन नबित्दै कार्य पूरा गर्छन् तर त्यही निर्माण व्यवसायीहरू नेपालमा भने समयमा काम किन गर्न सक्दैनन् भन्दै यसको तहसम्म पुग्न जरुरी रहेको बताए ।

उनले पूर्वाधार निर्माण कार्यमा कानूनी अप्ठ्यारा छन् भने कानून परिवर्तन गरेर पूर्वाधारको कार्यलाई खुकुलो पार्न पहल गरिने आश्वासन दिए।

मधेसका किसानलाई सिंचाइको समस्या रहेकोमा सुनकोशी मरिन डाइभर्सनलाई पूरा गराएर बाग्मती, कमलालगायतका नदीहरूमा पानीको बहाव तीव्र बनाएर त्यसबाट निकालिएका नहरहरूलाई सुचारु गराइ सिंचाइ सुविधा दिन पहल गरिने बताए। कुशल व्यवसायी, दक्ष प्राविधिक, दक्ष जनशक्ति उत्पादनतर्फ शैक्षिक सुधार आवश्यक हुने उनले बताए। उनले दक्ष जनशक्ति उत्पादन भएमा मात्रै मधेस विकसित हुने बताए।

उनले नेका सङ्घ र प्रदेश सरकारमा सहभागी रहेको र यसको एकमात्र मिसन २०८० मा जनताको निराशालाई आशामा परिणत गराउँदै मिसन ८४ लाई काङ्ग्रेसमय बनाउने रहेको बताए। उनले अभियानमा नेकाले जनजनको आवाजलाई सही ढङ्गले सम्बोधन गरेर अघि बढ्ने र मिसन ८४ सफल पार्ने दाबी गरे। उनले झापादेखि कञ्चनपुरसम्मको यो यात्रामा जनता र अन्तरपार्टीका साझा सवालहरूलाई सम्बोधन गराउन आफू लागिपर्ने आश्वासन पनि दिए ।

कार्यक्रममा केन्द्रीय सदस्य अजयबाबू शिवाकोटी, नेका मधेस प्रदेश सभापति एवं भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादव, प्रदेशका उपसभापतिद्वय वीरेन्द्रप्रसाद सिंह, चन्द्रशेखर यादव, प्रदेश सांसदहरू नागेन्द्र साह, सुनील यादव, इन्दुकुमारी साह, प्रदेश सदस्य अरुण साह, सूर्य थापा, जिल्ला सचिव रामचन्द्र गिरी, श्यामचन्द्र झा, मिथिलेश मिश्र, प्रकाश सिंह, चिरञ्जीवी सिंहलगायतका नेता, कार्यकर्ता, स्थानीयवासीको सहभागिता थियो ।


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेशन खुला राखौं ।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## विन्ध्यवासिनी गापामा विद्यालयस्तरीय खेलकूद प्रतियोगिता शुरू

प्रस, वीरगंज, १९ माघ/

विन्ध्यवासिनी गाउँपालिकामा शुक्रवारदेखि शुरू भएको विद्यालयस्तरीय खेलकूद प्रतियोगिताको गापाध्यक्ष प्रमोद तिवारीले उद्घाटन गरेका छन्। उद्घाटन कार्यक्रममा गापाध्यक्ष तिवारीले खेल प्रतियोगिताबाट नयाँ प्रतिभाहरू उजागर हुने बताए। उनले प्रतियोगितामा सहभागी सबैलाई उच्च मनोबलका साथ खेलमा सहभागी हुन आग्रह गरे ।


तस्वीरः प्रतीक

'स्वास्थ्यको लागि खेल' नाराका शुरू भएको प्रतियोगिता माघ २४ गतेसम्म सञ्चालन हुने शिक्षा शाखा प्रमुख कपिल लामिछानेले बताए। उनले गापाका १४ वटा विद्यालय सहभागी रहेको प्रतियोगितामा म्युजिकल चेयर, शर्टफुट, र ज्याब्लिङ थ्रो गरी तीनवटा खेल खेलाइने बताए ।

प्रधानाध्यापक रामचन्द्र महतोको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, लेखाप्रमुख मिथलेश कुशवाहा, इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसी, सशस्त्र प्रहरी बल अमरपट्टिका प्रहरी निरीक्षक सागर मल्ललगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण प्रअ मुकलेश गद्दीले गरेका थिए ।

उद्घाटन खेलमा म्युजिकल चेयरमा छात्र टीमबाट झौवा मावि प्रथम, दलित प्राथमिक विद्यालय इटियाही दोस्रो र नेपाल राष्ट्रिय प्राथमिक विद्यालय अमरपट्टि तेस्रो भएका थिए। छात्रातर्फ प्रसौनी प्रावि प्रथम, मधवल प्रावि दोस्रो र भगवती बागड प्रावि गर्दौल तेस्रो भएका थिए ।

शर्टफुटमा छात्र टीमबाट मावि झौवा प्रथम, मसुरुर आधारभूत विद्यालय प्रसौनी दोस्रो र मावि बहुअर्वा तेस्रो भएका थिए भने छात्रातर्फ झौवा मावि प्रथम, मसुरुर आधारभूत विद्यालय प्रसौनी दोस्रो र बहुअर्वा मावि तेस्रो भएका थिए ।

ज्याब्लिङ थ्रोतर्फ छात्र टीमबाट मसुरुर आधारभूत विद्यालय प्रसौनी प्रथम, झौवा मावि दोस्रो र बहुअर्वा मावि तेस्रो भएका थिए भने छात्रातर्फ स्काउट निमावि इटियाही प्रथम, झौवा मावि दोस्रो र बहुअर्वा मावि तेस्रो भए ।

## विपिसीद्वारा हल्ट प्राइजका सहभागीलाई क्यानभास मोडेल सत्र

प्रस, वीरगंज, १९ माघ/

वीरगंज पब्लिक कलेजले हल्ट प्राइजका सहभागीहरूका लागि क्यानभास मोडेल सत्र बिहीवार सम्पन्न गरेको छ।



कार्यक्रममा बेभरेज नेपाल कम्पनीका सिइओ तथा हल्ट प्राइज विपिसीका सल्लाहकार मनीष चालिसेले सहभागीहरूलाई उद्यमशीलताको अर्थबारे प्रकाश पारेका थिए ।

उनले सबै छवटा टोलीलाई आफ्ना लक्षित ग्राहकहरूको पहिचान कसरी गर्नेबारे जानकारी गराएका थिए । चालिसेले सबै टोलीलाई आआफ्नो लक्षित ग्राहक पहिचान गर्न एक मिनेट समय पनि दिएका थिए । लक्षित ग्राहकहरू पहिचान गरेपछि सबै टोलीलाई उत्पादनको मूल्य र माध्यमहरू पहिचान गर्न भनिएको थियो, जसमार्फत ग्राहकहरूलाई सामानहरू वितरण गरिनेछ।

सत्रमा उनले मूर्त उत्पादन, अमूर्त उत्पादन, स्थिर लागत र परिवर्तनीय लागतको अर्थबारे जानकारी गराएका थिए । सिइओ चालिसेले आफ्नो व्यवसायमा लागत, राजस्व, ग्राहक र प्रतिस्पर्धीहरू पहिचान गरेर व्यवसायको क्यानभास मोडेल बनाउन मदत गरेका थिए। उनले सफल उद्यमी बन्न असल र इमानदार टोली खोजेर काम गर्न सुझाव पनि दिएका थिए ।

## पत्रकार स्तरवृद्धि तालीम शुरू



तस्वीरः प्रतीक

प्रस, पोखरिया, १९ माघ/

पोखरिया नगरपालिकाको आर्थिक सहयोग तथा नेपाल पत्रकार महासङ्घ, पर्साको आयोजनामा चितवनको सौराहामा पत्रकार स्तरवृद्धि तीन दिने तालीम शुरू भएको छ ।

तालीम उद्घाटन गर्दै नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले पत्रकार स्तरवृद्धिको लागि तालीम आयोजना गरिएको बताए। उनले जिल्लामा पत्रकारिता गरिरहेकाहरूलाई पत्रकारितासम्बन्धी तालीम दिएर प्रशिक्षित गरिने बताए ।

नेपाल पत्रकार महासङ्घ, पर्साका कोषाध्यक्ष सञ्जीव मिश्रको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा कृष्णमोहन साह, राजेन्द्र सिंह राजपूत, सहसचिव श्याम सर्राफ, धर्मेन्द्र चौरसिया, श्याम कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

तीन दिने तालीममा शाखा अध्यक्ष अनुप तिवारी, रितेश त्रिपाठी र क्षेत्रबहादुर कार्कीले पत्रकार स्तरवृद्धिबारे तालीम दिने छन् ।

कार्यक्रमको सहजीकरण तिवारी यादवले गरेका थिए ।

## अनलाइनमार्फत सट्टेबाजी गराउने पक्राउ

काठमाडौं, १९ माघ/रासस

प्रहरीले काठमाडौंको दरबारमार्गस्थित क्यासिनो प्यालेसबाट रु एक करोड बढी रकम बराबरको विदेशी मुद्रासहित तीनजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतीय नागरिक गुलाब सिंह, रिषभ पावा तथा गौरव चोपडा रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए ।

उनले भने, "क्यासिनो प्यालेसको अन्डरग्राउन्डमा अनलाइनमार्फत सट्टेबाजी गराएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको हो । उनीहरूको साथबाट रु एक करोड एक लाख २६ हजार बराबरको विदेशी मुद्रा बरामद गरिएको छ।" उनीहरूका बारेमा थप अनुसन्धान भइरहेको पनि उनले जानकारी दिए ।

## एक महिलासहित ५२ जनाद्वारा रक्तदान


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १९ पुस/

जगदम्बा अटो ग्रुप प्रालिले शुक्रवार जीतपुरसिमरा उपमहानगरपालिका–३ बजनीमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ५२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

कार्यक्रममा सावित्री भण्डारी, सुजीत चौधरी, जीतेन्द्र ठाकुर, सुरज यादव, कविराज घिमिरे, चन्दन कुशवाहा, रामप्रसाद तिवारी, रिजवान मन्सुर, राजकुमार शर्मा, विजय सापकोटा, राहुल झा, प्रिन्स गुप्तालगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले बताए ।

## समावेशी शिक्षा सञ्जाल गठन


तस्वीरः प्रतीक

प्रस, पोखरिया, १९ माघ/

पोखरिया नगरपालिकाको सहयोग र शिवाञ्चल विकास एन्ड सञ्चार समाज, पोखरियाको आयोजनामा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा क्षमता अभिवृद्धिसम्बन्धी दुई दिने तालीम शुक्रवार सम्पन्न भएको छ।

मनोसामाजिक परामर्श, विवाद, बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र अधिकारबारेमा सन्तोष नेपाल र धर्मेन्द्र चौरसियाले प्रशिक्षण दिएका थिए ।

यसैगरी, पोखरिया नपाकी उपप्रमुख रूबी ठाकुरको संयोजकत्वमा २१ सदस्यीय समावेशी शिक्षा सञ्जाल गठन भएको छ ।